# मुगुम कार्मारोङ गाउँपालिकाको पोषण पार्श्वचित्र

२०७५



छायाँनाथ मन्दिर (एल्लाङ)

**पोषणका लागि हातेमालो**

**Partnership for Improved Nutrition**

EUROPEAN UNION

unicef for every child

# मुगुम कार्मारोङ गाउपालिकाको पोषण पार्श्वचित्र

## २०७५

## पुलु, मुगु

सहयोग

पोषणका लागि हातेमालो
Partnership for Improved Nutrition

प्रकाशक

मुगुम कार्मारोङ गाउँपालिका, पुलु, मुगु
बहुक्षेत्रीय पोषण योजना
आ. व. २०७४/०७५

सर्बाधिकार ©

**मुगुम कार्मारोङ गाउँपालिका**

संरक्षक

श्री छिरिङ क्याप्ने लामा, गाउँपालिका अध्यक्ष, मुगुम कार्मारोङ गाउँपालिका , पुलु, मुगु

सल्लाहकार

श्री विकाश शर्मा रीजाल, प्रमुख प्रशासकिय अधिकृत, मुगुम कार्मारोङ गाउँपालिका, पुलु, मुग

श्री दामोदर न्यौपाने, जिल्ला संयोजक, बहुक्षेत्रीय पोषण योजना, मुगु

श्री कार्मा फुन्जुक लामा, पोषण संयोजक, मुगुम कार्मारोङ गाउँपालिका, पुलु, मुग

सम्पादन

श्री गुररु छोर्देन तामाङ, पोषण सम्पर्क व्यक्ती, मुगुम कार्मारोङ गाउँपालिका, पुलु, मुगु
श्री सोविन्द्र बहादुर मल्ल, सुचना प्रविधि अधिकृत, मुगुम कार्मारोङ गाउँपालिका, पुलु, मुगु

# मुगुम कार्मारोङ गाउँपालिकाको पोषण पार्श्वचित्र - २०७४/०७५

## Nutrition Profile of Mugum Karmarong Rural Municipal, 2074/075

---


| | | |
|---|---|---|
| प्रकाशक | : | मुगुम कार्मारोङ गाउँपालिका, पुलु, मुगु |
| फोन नं. | : | ०८७-५६०२१५ |
| ईमेल | : | ito.mugumkarmarongmun@gmail.com |
| | | msnp.mugu@gmail.com |
| वेयब साईट | : | www.mugumkarmarongmun.gov.np |
| प्रकाशन मिति | : | २०७५ जेष्ठ |
| संस्करण | : | प्रथम |
| प्रकाशन प्रति | : | १०० |
| सर्वाधिकार | : | मुगुम कार्मारोङ गाउँपालिका, पुलु, मुगु |
| मुद्रण | : | |

# मुगुम कार्मारोङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय, पुलु मुगु

कर्णाली प्रदेश

## गाउँपालिका अध्यक्षको भनाई

नेपालमा ५ वर्ष मुनिका बालबालिकाहरु मध्ये लगभग ३६% वालवालिकाहरु पूडकोपन १०% ख्याउटेपन तथा लगभग ५३ % रक्तअल्पताको समस्या बाट पिडित छन जस मध्ये यस मुगु जिल्ला र मुगुमकार्मारोङ गाउँलालिकामा भौगोलिक विकटता अशिक्षा परम्परागत खेति प्रणाली र रुढिबाढी चालचलनले बालवालिकाहरु कुपोषण बाट पिडित छन । यस गाउँपालिकामा ३२ % अतिशिघ्र कुपोषण भएको तथ्याङ्कले देखाउछ ।

वालवालिकाहरु नै यो देशको भविश्य भएकोले उनिहरुलाई न्यून पोषणको समस्याले शाररीक मानसिक तथा संवेगात्मक विकासमा प्रतिकुल प्रभाव पार्दछ ।

यी सबै समस्यालाई स्वस्थ्य क्षेत्रको एकल प्रयासले मात्र समाधान संभव हुदैन भने कुरा पुष्टि भईसकेकोले सोही अनुसार आ.व ७४/७५ देखि यस मुगुमकार्मारोङ गाउँपालिकामा बहुक्षेत्रीय पोषण योजना शुरु भएको र आ.व ७५।७६ को लागि पनि बजेट सिलिगं प्राप्त भईसकेको छ । यस योजना योजना अर्न्तगतको कार्यक्रमलाई सफल र प्रभावकारी कार्यान्वयनको लागि विषयगत क्षेत्रहरु स्वास्थ्य, कृषि विकास, पशु पंछी विकास र अन्य क्षेत्र शिक्षा महिला बालवालिका क्षेत्र तथा स्थानीय तहमा कार्यरत संघ संस्था र स्थानिय तहको समन्वयकारी भुमिका महत्वपूर्ण छ ।

यस गाउँपालिकामा संचालान भईरहेको बहुक्षेत्रीय पोषण योजना कार्यक्रमले कुपोषणलाई घटाउन संभव छ जसको लागि स्थानिय तह विषयगत क्षेत्र संघ संस्थाको सहयोग ऐक्यवद्धता र थप सहयोगको अपेक्षा गरेको छु ।

.........................

अध्यक्ष

छिरिङ क्याप्ने लामा

# मुगुम कार्मारोङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय, पुलु मुगु

कर्णाली प्रदेश

## गाउँपालिका उपाध्यक्षको भनाई

हाल नेपालमा महिला तथा बालवालिकाहरु अधिक र न्यून पोषण दुबै प्रकारको कुपोषण बाट पिडित भएता पनि यस मुगु जिल्ला र मुगुमकार्मारोङ गाउँपालिकामा अधिक पोषणको अबस्था पाईदैन । यस पालिकाको सबै वडाहरु भौगोलि विकटता कडा परिश्रम कम उब्जनीले न्यून पोषणको संख्या अन्य क्षेत्र भन्दा बढी देखिन्छ ।

पोषणको दृष्टिकोणले गर्भअवस्था देखि जन्मेको २ वर्ष सम्मको अवधि धेरै महत्वपूर्ण हुन्छ जसलाई सुनौलो हजार दिन भनिन्छ किन भने यो अवधिमा खानपान स्याहार सुसारले बच्चाको समग्र बृद्धि विकासमा महत्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले शिशु बाल्य कालिन पोषण, पूर्णस्तनपान, पूरक खाना, स्वस्छ खाद्य सुरक्षा सक्रमणको अबस्थामा समुचित उपचार गर्भवती आमाको हेरचाह गर्भ जाँच, संस्थागत सुत्केरी जस्ता विषयहरु सम्बोधन हुने गरी योजना तर्जुमा गरेमा कुपोषणलाई घटाउन सकिन्छ भन्ने वैज्ञानिक आधार रहेको छ ।

आ.व ७४।७५ मा गाउँपालिका र सबै वडाहरुमा खाद्य सुरक्षा निर्देशक समिति गठन गरेको छ जसले यस क्षेत्रको मूल्याङ्कन अनुगमन र कार्यानयनमा उल्लेखनिय भूमिका निर्वाह गर्नु पर्ने र सम्पूर्ण विषयगत क्षेत्रहरु संघ संस्था, बृद्धिजीवि, पत्रकारहरुको समेत ऐक्यवद्धता हुन जरुरी देदिन्छ । यस क्षेत्रमा काम गर्नु हुने सबै विषयगत क्षेत्रलाई धन्यवाद दिदै आगामि ७५।७६ को कार्यक्रमको सफल कार्यन्वयनको शुभकामना ब्यक्त गर्न चाहन्छु । साथै यो पोषण पाश्वचित्रले भविस्यमा पोषण्को क्षेत्रमा काम गर्ने सँघ सँस्था तथा कार्यक्रमहरुलाई सन्दर्भ सामग्रिको रुपमा प्रयोग गर्न सहज हुने आशा गर्न सकिन्छ ।

.................................
उपअध्यक्ष
छिरिङ तामाङ

# मुगुम कार्मारोङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय, पुलु मुगु

कर्णाली प्रदेश

## प्रमुख प्रशासकिय अधिकृतको भनाई

गर्भवती महिला र बालबालिकामा हुने पोषण कमीका कारणले व्यक्ति, परिवार, समुदाय तथा राष्ट्र नै आर्थिक वृद्धि तथा समग्र उत्पादन प्रभावित भएको हुन्छ । फलस्वरुप मानव पूँजी र आर्थिक उत्पादकत्वका सन्दर्भमा ठूलो क्षति व्यहोर्नुपर्ने हुन सक्छ । बालबालिकामा कुपोषण देखियो भने किशोरावस्था, यौवनावस्था र प्रौढवस्थामा शारीरिक र मानसिक रूपमा कमजोर भई रोग प्रतिरोधात्मक क्षमता कमजोर हुँदा रोगबाट ग्रस्त हुने र मुलुकको आर्थिक तथा सामाजिक विकासमा योगदान दिन नसक्ने हुन्छन् । सशक्त मानव पुँजी नभए मुलुकको कुल ग्राहस्थ उत्पादन घट्न जान्छ । वास्तवमा कुपोषित आमाबाट जन्मेका सन्तान कुपोषित हुने र यो क्रम भावी पुस्तासम्म जारी रहने हुँदा कुपोषण ज्यादै ग्रम्भीर समस्याको रूपमा रहेको छ ।

मानव पुँजी र समग्र सामाजिक (आर्थिक) विकासमा कुपोषणलाई अवरोधका रुपमा नरहने अवस्था सुनिश्चित गर्नका लागि नेपाल सरकार र युनिसेफको सहयोगमा बहुक्षेत्रीय पोषण कार्यक्रम नेपाल सरकारको एक उच्च प्राथमिकता प्राप्त कार्यक्रम हो । मुलकको राजनीतिक प्रशासनिक संरचना संघीय ढाँचामा रुपान्तरण भइसकेपश्चात बहुक्षेत्रीय पोषण कार्यक्रम पनि सोहि अनुरुप नै व्यवस्थित रुपमा कार्यान्वयन गर्न संघ, प्रदेश, स्थानीय तह तथा वडा तहहरुमा संयन्त्रहरुको स्थापना गरिएको छ ।

मुगुम कार्मारोङ गाउँपालिकाले पनि बहुक्षेत्रीय पोषण योजना (दोस्रो) कार्यक्रम अन्तरगत आफ्नो पहिलो वार्षिक योजना तथा कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ । पोषण सम्बन्धि कार्यक्रमको मूलप्रवाहिकरण हुन नसक्नु, सरोकारवालाहरुमा पोषणको महत्व सुनिश्चित गराउन नसक्नु, प्रभावकारी समन्वय तथा कार्यक्रमको सरोकारीत क्षेत्रको स्वामित्व अभाव जस्ता कुराहरु बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनका क्रममा समस्याको रुपमा देखिएका छन् जसलाई निराकरण गर्दै योजनालाइ सफल बनाउन सबैको साथ र सहयोग आवश्यक भएको देखिन्छ ।

आमजनता तथा समुदायको लागि बहुक्षेत्रीय पोषण योजना तथा पोषणका विविध आयामहरु बारे जानकारी गराउनका लागि पोषण जानकारी पुस्तिका प्रकाशन गर्न लागेकोमा धन्यवाद तथा आभार प्रकट गर्न चाहान्छु ।

..................................
(विकास शर्मा रिजाल)
प्रमुख प्रशासकिय अधिकृत

# कार्यकारी सारंश

बहुक्षेत्रीय पोषण योजना यस आ.वा ०७४/७५ देखि यस मुगुम कार्मारोङ गाउँपालिकामा निश्चित उद्देश्य र क्रियालाप सहित शुरुवात भएको छ । जसले शुरु भएको एक वर्षमै धेरै सकारात्मक प्रभाव परेको छ । जस्तै बोटविरुवालाई सानैमा मलजल गरे फल राम्रो दिन्छ भने जस्तै सुनौलो हजार दिनका आमा तथा बालबालिकामा लगानि गर्नु बच्चा र देशको भविश्यमा लगानी गर्नु हो भन्ने कुरा समुदाय स्तरमा समेत बुझाउने काम यस योजना अर्न्तगतका क्रियाकलापहरुले गरेका छन् । जसबाट अभिप्रेरीत भई समुदाय स्तरबाट सहभागितात्मक योजना तर्जुमा प्रक्रियामा महिला तथा बालबालिका सँग सम्बन्धि योजनाहरुको माग आउने गेको छ ।

यस गाउँपालिकामा शुरुवातमा रहेको यस योजनालाई आर्थिक विनियोजन गर्दा स्थानियतहहरु अलमल देखिए पनि भौतिक, नैतिक समर्थन उल्लेखनिय रहेको छ । कार्यक्रम संचालन गर्न विषयगत क्षेत्रहरु, शिक्षक वडा समितिहरु, विभिन्न सरकारी तथा गैर सरकारी सँघ संस्थाहरुले आ-आफ्नो ठाउँबाट सहयोग गरेकोले कार्यान्वयनमा सजिलो भएको छ ।

स्वास्थ्य संस्थाहरुले हालको शिघ्र कुपोषणको दर ३२% लाई घटाउन पोषण पूर्नस्थापन केन्द्र (IMAM) लाई बढाउने नियमित वृद्धि अनुगमन खाद्यान प्रर्दषनी, अभिमुखिकरण, पूर्नताजगी तालिम, अनुगमन र प्रतिवेदन हुन जरुरी छ । र वालस्वास्थ्य कार्यक्रम लाई प्रभावकारी नियमित हुनुको विकल्प छैन । यस्ता कार्यक्रमहरुको प्ररुप यस पोषण पार्श्वचित्रमा झल्कीने भएकोले यो पुस्तकले पोषण तथा श्वास्थ्यको क्षेत्रमा काम गर्ने सरोकारवालहरुलाई सन्दर्भ सामग्रिको रुपामा काम गर्ने विश्वास लिएको छु । यो पर्श्वचित्र निर्माण गर्ने क्रममा सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

धन्यबाद !

गुरु छोर्देन तामाङ<br>MSNP सम्पर्क व्यक्ति<br>मुगुम कार्मारोङ गाउँपालिका, पुलु, मुगु

# संक्षेपीकृत शब्दावली

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| उ. से. के. | : | उपसेवा केन्द्र |
| खा. स. स. डी. का | : | खानेपानीतथा सरसफाई सब(डिभिजन कार्यालय |
| गा. वि.स. | : | गाउँ विकास समिति |
| गा.पा. | : | गाउँपालिका |
| जि.स्वा. का. | : | जिल्लास्वास्थ्य कार्यालय |
| गै. स. स. | : | गैरसरकारीसंस्था |
| जि. स. स. | : | जिल्लासमन्वय समिति |
| न.पा. | : | नगरपालिका |
| प्रा. वि. | : | प्रथमिक विद्यालय |
| नि.मा.वि | : | निम्न माध्यामिक विद्यालय |
| मा.वि | : | माध्यामिक विद्यालय |
| उ.मा.वि | : | उच्च माध्यामिक विद्यालय |
| वि.सं. | : | विक्रम संवत |
| से. के. | : | सेवा केन्द्र |
| हे. | : | हेक्टर |

# Abbreviations

| | | |
|---|---|---|
| AFSP | : | Agriculture and Food Security Project |
| ANC | : | Ante Natal Care |
| ARI | : | Acute Respiratory Infection |
| BMI | : | Body Mass Index |
| CBS | : | Central Bureau of Statistics |
| CLC | : | Community Learning Center |
| CPR | : | Contraceptive Prevalence rate |
| CPAP | : | Country Programme Action Plan |
| DCC | : | District Coordination Committee |
| DEO | : | District Education Office |
| DHO | : | District Health Office |
| DPHO | : | District Public Health Office |
| ECD | : | Ealry Hicldhood Development |
| FCHV | : | Female Community Health Volunteer |
| HMIS | : | Health Management Information System |
| HP | : | Health Post |
| IMAM | : | Integrated Management of Acute Malnutrition |
| HT | : | Head Teachers |
| IFA | : | Iron Folic Acid |
| PHC | : | Primary Health Care |
| SAM | : | Severe Acute Malnutrition |
| SBA | : | Skilled Birth Attendant |
| VDC | : | Village Development Committee |
| MAM | : | Moderate Acute Malnutrition |

| | | |
|---|---|---|
| MSNP | : | Multi Sector Nutrition Plan |
| NDHS | : | Nepal Demographics and Health Survey |
| NMICS | : | Nepal Multiple Indicator Cluster Survey |
| OPD | : | Out Patient Department |
| ORS | : | Oral Rehydration Solution |
| OTC | : | Out-patient Treatment Center |
| PNC | : | Post Natal Care |
| PTA | : | Parents Teachers Association |
| SMC | : | School Management Committee |
| SSDP | : | School Sector Development Plan |
| U5 | : | Under Five |
| WASH | : | Water Sanitation and Hygiene |
| WHO | : | World Health Organization |

# विषय सूची

# Contents


गाउँपालिका उपाध्यक्षको भनाई ....... ii

प्रमुख प्रशासकिय अधिकृतको भनाई ....... iii

कार्यकारी सारंश ....... iv

संक्षेपीकृत शब्दावली ....... v

Abbreviations ....... v

पृष्ठभूमी ....... 1

परिचय ....... 1

गाउँपालिकाको वस्तुस्थिती ....... 2

वडाको बनावट तथा जनसंख्या विवरण ....... 2

मुगुम कार्मारोङ गाउँपालिकाको जातजाती अनुसारको जनसंख्या विवरण ....... 2

नेपालमा श्वास्थ्य तथा पोषणको अवस्था ....... 3

जिल्लामा पोषण तथा खाद्य सुरक्षाको अवस्था ....... 3

गाउँपालिकामा पोषणा तथा खाद्य सुरक्षाको अवस्था ....... 4

कुपोषणको अवस्था ....... 4

खाद्यान्न उत्पादनको अवस्था ....... 4

गाउँपालिकामा पाँच वर्ष मूनिका बच्चाहरूको तौल लिएको अवस्था ....... 4

पोषणमा क्षेत्रगत योगदानको अवस्था र विश्लेषण ....... 5

पोषण लक्षित कार्यक्रमहरू (श्वास्थ्य क्षेत्रले पुर्याउने योगदान) ....... 5

मुगुम कार्मारोङ गाउँपालिकाको श्वास्थ्य सम्बन्धि सुचकहरूको अवस्था ....... 5

सेवा केन्द्रको विवरण (Health Facility, Location, Population, Coverage) ....... 5

जनशक्तीको विवरण, अवस्थीती, जनसंख्या र लक्षीत कर्यक्रम ....... 5

१. श्वास्थ्य क्षेत्रले गर्ने नियमित कार्यक्रम (HMIS)अनुसारका पोषण लक्षित कार्यक्रमहरू ....... 6

२. पोषण संवेदनशिल कार्यक्रमहरू तथा पुर्याउने योगदान ....... 6

२.१ कृषि क्षेत्रको योगदान तथा क्रियाकलापहरू ....... 6

सेवा केन्द्र / उप-केन्द्रको विवरण ....... 6

पकेट क्षेत्रको विवरण ....... 6

गउँपालिकाको खेतीयोग्य जमीनको विवरण ....... 7

२.२ पशुसेवा क्षेत्रको योगदान तथा क्रियाकलापहरूको विवरण....7
मुगुम कार्मारोङ गाउँपालिकामा रहेका पशु सेवा केन्द्र उप-केन्द्रहरूको विवरण....7
पशुसेवा सम्बन्धी पकेट क्षेत्रहरूके विवरण....7
२.३ शिक्षा क्षेत्रको योगदान तथा क्रियाकलापहरूको विवरण....7
मुगुम कार्मारोङ गाउँपालिका भित्र रहेका विद्यालय तथा स्रोत केनद्रहरूको विवरण....8
२.४ खानेपानी तथा सरसफाई क्षेत्रको योगदान तथा कियाकलापहरूको विवरण....8
२.५ महिला बालबालिका तथा समाज कल्याण क्षेत्रको योगदान तथा क्रियाकलापहरूको विवरण....8
महिला विकास कार्यक्रमको लक्षित समूह....9
महिला विकास कार्यक्रमका ३ आयामहरु....9
२.६ स्थानीय शुसासन क्षेत्रको योगदान तथा क्रियाकलापहरूको विवरण....9
पोषणका क्षेत्रमा कार्यान्यन भईरहेका कार्यक्रमहरूको विवरण....10
१. पोषणका लागि हातेमालो....10
२. याउँपालिका भित्र पोषणको क्षेत्रमा कार्यरत गैर सरकारी सँस्थाहरूको विवरण....10
विभिन्न पुरक बहुक्षेत्रीय पोषण योजनाको पहुँचको अवस्था....11
संस्थागत संरचना....11
१.१ पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन तथा सँन्चालन....11
१.२ जिल्ला तह....11
१.३ पोषण तथा खाद्य सुरक्षा निर्देशक समित गठन, गाउँपालिका तथा नगरपालिका....12
१.४ गाउँपालिका / नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम कर्तव्य र अधिकार....12
१.६ वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम कर्तव्य र अधिकार....13
बहुक्षेत्रीय पोषण योजनाको अभिमुखीकरण तालिम, पैरवी, सामाजिक परिचालन तथा अन्य....13
१. अनुगमन तथा सुपरीवेक्षण संरचना....13
२. नियमितत तथा संयुक्त अनुगमन....14
३. तेस्रो पक्षबाट अनुगमन....14
४. स्थानीय तह, जिल्ला र प्रदेश तथा केन्द तहबाट अनुगमन तथा सुपरिवेक्षण....14
६. अनुगमन checklist, tools....14
१. जिल्ला समन्वय समितिबाट अनुगमन गर्ने चेक लिस्ट....14
१. गाउँपालिका तथा नगरपालिकाबाट अनुगमन गर्ने चेक लिस्ट....14

आ.व. २०७५/०७६ का लागि पोषण लक्षित तथा संवेदनशिल कार्यक्रमहरूको विवरण....15

१. एकिकृत पोषण कार्यक्रम (युनीसेफ नेपालबाट पोषणका क्रियाकलापहरू सञ्चालन गर्नका लागि)....15

२. केन्द्रबाट प्रदेश तथा स्थानीय स्तरबाट बहुक्षेत्रीय पोषण योजनाको लागि बजेट व्यवस्थापनको व्यवस्थान....16

अनुसूचीहरू....18

# मुगुम कार्मारोङ गाउँपालिकाको पोषण पार्श्वचित्र

# २०७४/०७५

## पृष्ठभूमी

मानव स्वास्थ्य संग प्रत्यक्ष सरोकार राख्ने पोषणको वारेमा समुदायलाई शसक्तिकरण गरेर अगाडी वडनु पर्ने यस परिस्थीतीमा हामी पोषण क्षेत्रमा क्रियाशिल सरोकारवाला हरुको महत्व पूर्ण योगदान रहने विषय वस्तु लाई शिरोधार गर्दै यस नगर ले पोषण क्षेत्रलाई प्रमुख चुनौतीको रुपमा अगाडी सारेर यस विषय वस्तुलाई जनसरोकारको विषय वस्तु वनाउनुको साथै सवल र सक्षम नगर वनाउन स्वास्थ्य क्षेत्रको योगदानको उच्च कदर गर्दै जसलाई सम्रिद्धिको वाटोमा लैजानको लागी पोषणमा सुधार ल्याउनु पर्ने महशुस भएर वर्तमा अवस्थामा देखिएको पोषणको अवस्था वारे सम्पूर्ण सरोकार वाला निकाय एवं सचेत नागरि सम्म पोषणको वारेमा विस्तुत जानकारी दिनु अति नै समय सापेक्षी भएकाले छायाँनाथ रारा नगरपालीका मुगु ले सवै सरोकारवाला निकायहरुको सहयोग तथा सल्लाहमा यो नगर स्थित पोषण सम्बन्धि तथ्याङ्क तथा कार्यक्रमहरूको विवरण सहितको यो पार्श्वचित्र तयार गरेर नगरपालिका, नगरपालिका भित्रका वडाहरू र विभिन्न विषायगत समितिहरू तथा अन्य संघ सस्थाहरूल यसै लाई आधार मानेर आगमी दिनहरुमा पोषणका गतिविधिहरु संचालन तथा मार्ग निर्देशनको रुपमा प्रयोग गर्नेछन् जसले समुदाय स्तरमा रहेको कुपोषणको अवस्थामा न्यूनिकरण गर्न तथा पोषण संग सम्वन्धित गतिविधी संचालनमा टेवा पुग्ने भएकाले यो पार्श्वचित्र तयार पारिएको छ ।


## परिचय

नेपाल राज्यको हाल कर्णाली प्रदेशमा पर्ने मुगु जिल्ला अन्तर्गत साविक डोल्फु, मुगु, किम्री, पुलु र मांग्री गाँउविकास समितिहरु गाभिएर हालको मुगुम कार्मरोङ गाउँपालिका बनेको हो । मुगु जिल्लाको सुरुवात भएको स्थान मुगु साविकको गाविस मुगुको नाम बाट नेपालमा नयाँ संघिय संरचना लागु हुँदा २०७३ सालमा यस गाउँपालिकाको जिल्लाको नामाकरण भएको ठाउँ साविकको गाविस मुग र कार्मारोङ भन्ने त्यहाका बासीहरु भए अनुसार **मुगुम कार्मारोङ गाउँपालिका** नामाकरण गरिएको हो । यस गाउँपालिकामा ९ वटा वडाहरु रहेका छन् । जस मध्ये यस वर्ष ५ वटा वडाहरुमा बहुक्षेत्रीय पोषण योजनाका क्रियाकलापहरु सञ्चालनमा रहेका छन् ।

नेपालमा पहिलो पटक संम्विधान सभा बाट नेपालको संम्विधान निर्माण भई जारि भएको छ। यसले देशलाई एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्थाबाट संघिय लोकतन्त्रिक गणतान्त्रिक मुलुकका रुपमा रुपान्तरित गरेको छ । २०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको कूल जनसंख्या ५३९६ रहेकोछ र कुल घरधुरि संख्या १०२९ रहेको छ। गाउापालिकाको क्षेत्रफल २१०७ वर्ग किलोमिटर हेक्टर रहेको छ । सामाजिक रुपमा यहाँ अधिकाँस जनजाती रहेको पाईन्छ । पर्यटकीय हिसाबले सम्म परेका पाटनहरु प्रसस्त भएको यो गाउँपालिकाको पूर्वमा डोल्पा जिल्ला, पश्चिममा छायाँनाथ रारा नगरपालिका र हुम्ला जिल्ला । उत्तरमा चिन र दक्षिणमा जुम्ला जिल्ला रहेको छ । यस गाउँपालिकामा स्वास्थ्य टोनीकको रुपमा प्रयोग हुने यार्सा गुम्बा पाईन्छ। गाउँपालिकाको मथिल्लो भेगमा १२ महिनानै हिउँ पर्दछ। गाउापालिकाको तल्लो भेगमा भने सिमित मात्रामा अन्न बाली तथा तरकारीहरु उत्पादन हुन्छ। यस गाउँपालिकामा हाल सम्म पनि सडक सञ्जालले जोडीएको छैन। मुख्य यातायातको साधनको रुपमा खच्चड प्रयोग हुने गर्दछ ।

## गाउँपालिकाको वस्तुस्थिती

(भौगोलिक, जिल्लाको नक्शा, राजनीतिक विभाजन, जनसंख्या, पहुँच, प्रशासनीक, उत्पादन)




## वडाको बनावट तथा जनसंख्या विवरण

| वडा नं. | साविकका गाविस र वडाहरु | जनसंख्या | | | क्षेत्रफल (व.कि.मी.) |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | डोल्फु १-९ | १७९ | २०६ | ३८५ | ९३६.८७६ |
| २ | मुगु १-९ | ४४० | ४५८ | ८९८ | ६६८.०९० |
| ३ | किम्री ६-९ | ८२ | १२२ | २०४ | ३७.५७८ |
| ४ | किम्री १-५ | १७७ | १९८ | ३७५ | ४६.७५३ |
| ५ | पुलु ४-९ | ३०४ | ३७४ | ६७८ | ८८.२६९ |
| ६ | पुलु १-३ | २०० | २१७ | ४१७ | ९४.४३३ |
| ७ | मांग्री ७-९ | ३६८ | ४११ | ७७९ | १४२.८६८ |
| ८ | मांग्री ५, ६ | ३४२ | ३६२ | ७०४ | १९.६५७ |
| ९ | मांग्री १-४ | ५०६ | ४५० | ९५६ | ७२.३८३ |
| जम्मा | | २५९८ | २७९८ | ५३९६ | २१०६.९०७ |

## मुगुम कार्मारोङ गाउँपालिकाको जातजाती अनुसारको जनसंख्या विवरण

| क्रं.सं. | जाती | पुरूष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | दलित | २०४ | १९५ | ३९९ | ७.३९ | |

| क्र.सं. | जाती | पुरूष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | जनजातती | १८७९ | २१६० | ४०३९ | ७४.८५ | |
| ३ | मदेसी | ० | ० | ० | ०.०० | |
| ४ | मुस्लीम | ० | ० | ० | ०.०० | |
| ५ | ब्रम्हण र क्षेत्री | ४७५ | ४२८ | ९०३ | १६.७३ | |
| ६ | अन्य | ४० | १५ | ५५ | १.०२ | |
| | जम्मा | २५९८ | २७९८ | ५३९६ | १०० | |

## नेपालमा श्वास्थ्य तथा पोषणको अवस्था

नेपाल एक विकासोन्मुख मुलुक हो । देशमा स्वास्थ्यका सबै सुचकहरू हेर्दा सन्तोष जनक रहेको पाईदैन तथापी कतीपय सुचकहरू भने सन्तोष जनक रहेको पाईन्छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २०१६ अनुसार नेपाल तथा प्रदेश अनुसारको स्वास्थ्य तथा पोषणको अवस्था निम्नानुसार रहेको छ ।

| स्वास्थ्य तथा पोषणको सुचकहरु | प्रदेश | | | | | | | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| पाँचवर्ष मुनीको बच्चको मृत्युदर (प्रति १००० जिवित जन्ममा | ३६ | ५२ | ३६ | २७ | ४५ | ५८ | ६९ | ३२ |
| ५ वर्ष मुनीका बालबालिकामा भएको पुड्को पना | ३३ | ३७ | २९ | २९ | ३९ | ५५ | ३६ | ३६ |
| ५ वर्ष मुनीका बालबालिकामा भएको ख्याउटे पना | १२ | १४ | ४ | ६ | ८ | ७ | ९ | १० |
| ५ वर्ष मुनीका बालबालिकामा भएको कम तोल | २४ | ३७ | १३ | १५ | २७ | ३६ | २८ | २७ |
| अधारभूत सबै भ्याक्सीन पाउनेको प्रतिशत | ७९ | ६५ | ८५ | ९३ | ७८ | ७५ | ८३ | ७८ |
| प्रजनन उमेर समूहका महिलाहरूमा प्रजननदर | २.३ | ३.० | १.८ | २.० | २.४ | २.८ | २.२ | २.३ |
| परिवार नियोजनका साधनको प्रयोग (१५ देखि ४९ वर्ष उमेर समूह) | ४० | ४२ | ४९ | ३७ | ३९ | ४५ | ४८ | ४३ |
| स्वास्थ्य संस्थामा सुत्केरी हुने | ६२ | ४५ | ७१ | ६८ | ५९ | ३६ | ६६ | ५७ |
| दक्ष प्रशुती कर्मिबाट सुत्केरी | ६३ | ५९ | ७० | ७० | ५७ | ३५ | ६६ | ५८ |
| ५ वर्ष मुनीका बालबालिकामा भएको रक्त अल्पता | ५५ | ५९ | ४३ | ४६ | ५३ | ४८ | ५० | ५३ |
| १५ देखि ४९ वर्ष उमेर समूहका महिलाहरूमा भएको रक्त अल्पता | ४३ | ५८ | २९ | २८ | ४४ | ३५ | ३९ | ४१ |
| महिलामा भएको उच्च रक्तचाप भएका महिलाहरूको संख्या (१५ वर्ष माथी) | १८ | १३ | १९ | २४ | १९ | १० | १० | १७ |
| पुरूषमा भएको उच्च रक्तचाप भएका महिलाहरूको संख्या (१५ वर्ष माथी) | २१ | १८ | २९ | ३१ | २५ | २२ | १८ | २३ |

## जिल्लामा पोषण तथा खाद्य सुरक्षाको अवस्था

जिल्ला विकास समिति, मुगुको आधार सर्वेक्षण, २०६५ को आधारमा मुगु जिल्लाको जनसंख्याको पेशामा रहेको संलग्नताको विश्लेषण गर्दा यस जिल्लामा सबैभन्दा बढी जनता कृषि तथा पशुपालनमा आवद्ध रहेको पाइन्छ । जसमा पुरुषको (४६।६ प्रतिशत) भन्दा महिलाको (५३।४ प्रतिशत) संलग्नता बढी छ। दोस्रो पेशाको रुपमा परम्परागत पेशा तथा सीपलाई अंगालेको पाइएको छ जसमा महिलाको संलग्नता पुरुषकोभन्दा करीव २६।७ प्रतिशत कमि देखिन्छ। सबैभन्दा कम जनताको संलग्नता वैदेशिक रोजगारमा रहेको छ जुन कूल संलग्नताको ०।७ प्रतिशत मात्रै हो । मुगु जिल्लामा कृषि तथा पशुपालन पेशामा बाहेक अन्य पेशाहरुमा पुरुषको दाँजोमा महिलाको संलग्नता न्यून रहेको अवस्था छ । यहाँ धान, गहुँ, मकै, जौ, कोदो, फाँपर,चिनु कागुनो जस्ता अन्नबाली लगाइन्छन् ।जनसँख्या बड्दै गइरहेको सन्दर्भमा खाद्यान्न उत्पादनमा कमि हुनुले खाद्य

सुरक्षाको दृष्टिकाणबाट उपयुक्त मान्न सकिन्न। विगत केहि वर्षदेखि जिल्लामा जीवनबुटी सङ्कलनमा स्थानीयबासीको संलग्नता बढिरहेको छ र यसबाट जिल्लाबासीको आम्दानीमा समेत वृद्धि भएको छ।

यस जिल्लाका मुख्य बालीहरुमा मकै, गहुँ, धान, उवा, फाँपर, चिनो, जौ, कागुनो, मार्से र कोदो रहेका छन् । जसमध्ये सबैभन्दा बढी क्षेक्रफलमा कोदा खेती गरिन्छ। तरकारी बालीमा आलु प्रमुख रहेको छ भने फलफूल खेती पनि केहि क्षेत्रहरुमा गर्ने गरिएको छ । जिल्लामा गरिने खेती र प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल र उत्पादन मे.ट. प्रति हेक्टर तालिका तलकोमा देखाइएको छ :

## गाउँपालिकामा पोषणा तथा खाद्य सुरक्षाको अवस्था

### कुपोषणको अवस्था

आ.व.२०७३/७४ मा मुगु जिल्लामा अति शीघ्र कुपोषण भएर १०२६ जना भर्ना भएकोमा मुगुम कार्मारोङ गाउँपालिका को दुईवटा OTC पुलु स्वास्थ्य चौकी र माग्री स्वास्थ्य चौकीमा ३२ जना भर्ना भएका थिए । यसले पनि मुगु जिल्ला भरिका कुपोषित बालबालिकाहरु मध्येएक तिहाइभन्दा बढीस्वास्थ्य चौकीबाट उपचार लिएको देखाउँछ । गाउँपालिका भित्रका अन्य स्वास्थ्य संस्थाहरुमा पनि OTC सञ्चालन सके सेवाग्राहीलाई सहज हुनेछ । जिल्ला अस्पताल मुगु जिल्लाकै एक मात्र Stabilization Centre (SC) रहेकाले पनि शीघ्र कुपोषणको उपचार गाउँपालिका भित्र रहेका अन्य स्वास्थ्य संस्थाहरुले सुचारु गर्नुपर्दछ । यसका साथै कुपोषित हुनबाट बच्चाहरुलाई जोगाउन वृद्धि अनुगमन दर बढाउने र बच्चाहरुलाई पोषिलो खाना खुवाउनका लागि पनि उत्प्रेरित गर्नुपर्ने हुन्छ ।

### खाद्यान्न उत्पादनको अवस्था

मुगु जिल्लाको मुगुम कार्मारोङ गाउँपालिकाको अधिकांस भु-भागमा खेती हुदैन तथापी जती जमीन खेती पातीको लागि उपलब्ध रहेकोछ त्यसलाई बैज्ञानीक तरीकाले खेती गर्ने हो भने धेरैजसो यहाँको उत्पादनले थेग्न सक्ने देखिन्छ । यस गाउापालिकाको तल्लो भागमा चिनो, कागुनो, मर्से, सिमी जस्ता पोषणयुक्त बालीहरु प्रसस्त उत्पादन हुने गर्दछ ।

| क्र.सं. | खाद्यान्न उपलब्धताको अवस्था | घर धुरी संख्या | कैफियत |
|---|---|---|---|
| १ | आफ्नै उत्पादनले ३ महिना भन्दा कम खाना पुग्ने घरपरिवार संख्या | नभएको | |
| २ | आफ्नै उत्पादनले ३ महिना देखि ६ महिना सम्म खाना पुग्ने घरपरिवार संख्या | ८८१ | |
| ३ | आफ्नै उत्पादनले ६ महिना देखि ९ महिना सम्म खाना पुग्ने घरपरिवार संख्या | ८९ | |
| ४ | आफ्नै उत्पादनले ९ महिना देखि १ वर्ष सम्म खाना पुग्ने घरपरिवार संख्या | ७७ | |
| ५ | आफ्नै उत्पादनले वर्ष भरी खाएर बिक्रि बितरण समेत गर्ने घरपरिवार संख्या | ४२ | |

स्रोत :KCDC को तथ्याङ्क - २०७४, अनुसार

### गाउँपालिकामा पाँच वर्ष मूनिका बच्चाहरूको तौल लिएको अवस्था

| कं. सं. | विवरण | बालबालिका सँख्या | कैफियत |
|---|---|---|---|
| १ | जम्मा तौल लिईएको बालबालिका सँख्या | १४३ | |
| २ | अति सिघ्र कुपोषित बालबालिका सँख्या | ३२ | |
| ३ | मध्यम कुपोषित बालबालिकाको सँख्या | ४१ | |
| ४ | सामान्य | ७० | |

स्रोत : जिल्ला श्वास्थ्य कार्यालय, मुगु -२०७४/०७५

## पोषणमा क्षेत्रगत योगदानको अवस्था र विश्लेषण

पोषणमा विभिन्न क्षेत्रको योगदान रहेको हुन्छ । एउटा क्षेत्रको मात्र प्रयासले दिर्घकालिन रुपमा पोषणको अवस्थामा सुधार आउन सक्दैन । पोषणको अवस्था तथा रिक्तता विश्लेषण सर्भेक्षण २००९ अनुसार पोषणका क्षेत्रमा विभिन्न क्षेत्रहरुको महत्वपूर्ण योगदान हुने कुरा पत्ता लागेको छ । जस अनुसार पोषणका क्षेत्रमा पोषण लक्षित भनेर उपचारात्मक क्षेत्र जसमा श्वास्थ्य क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । त्यसैगरि पोषण संवेदनशिल क्षेत्र भनेर शिक्षा, कृषि विकास, पशुपछिं विकास, महिला बालबालिका तथा समाज कल्याण, खानेपानी तथा सरसफाई र स्थानीय शुसासन रहन्छन् । यि विभिन्न विषयगत क्षेत्रहरुले पोषणको क्षेत्रमा पुऱ्याउने योगदानहरु निम्नानुसार रहेका छन् ।

### पोषण लक्षित कार्यक्रमहरू (श्वास्थ्य क्षेत्रले पुर्याउने योगदान)

पोषण सुधारको लागि श्वास्थ्य क्षेत्रले विभिन्न योगदानहरु गर्ने गर्छ। जसमा सिघ्र कुपोषणको एकिकृत व्यवस्थापन लगायतका पोषण लक्षित कार्यकमहरु रहेका छन् ।

मुगुम कार्मारोङ गाउँपालिकाको श्वास्थ्य सम्बन्धि सुचकहरूको अवस्था

| विवरण तथा सुचकहरू अवस्था | अवस्था |
|---|---|
| बालबालिकामा खोप कभरेजको अवस्था प्रतिशत (DPT/HepB/Hib3) % | १७० |
| ड्रपअउट रेट | 6 |
| निमोनीयाको प्रकोप | १८२ |
| प्रोटोकल अनुसार चौथो पटक ए एन सी चेक गराउनेको ५ | ३१ |
| सिघ्रकुपोषण निको भएको प्रतिशत | १००% |
| जिवित जन्ममा संस्थागत सुत्केरी हुनेहरूको प्रतिशत | २८ % |

स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, मुगु - २०७४

सेवा केन्द्रको विवरण (Health Facility, Location, Population, Coverage)

| जिल्ला अस्पताल | स्वास्थ्य चौकी | सामुदायिक स्वास्थ्य ईकाई | गाउँघर क्लिनिक | खोप क्लिनिक | प्रसुती केन्द्र | नीजि अस्पताल | महिला स्वास्थ्य स्वयम् सेविका |
|---|---|---|---|---|---|---|---|
| ० | ५ | १ | १३ | १७ | ३ | ० | ४५ |

स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, २०७४

### जनशक्तीको विवरण, अवस्थीती, जनसंख्या र लक्षीत कर्यक्रम

| पद | स्वीकृत दरबन्दी | पदपूर्ति |
|---|---|---|
| मेडिकल अधिकृत | ० | ० |
| हे.अ./सि.अ.हे.व. | ५ | ७ |
| स्टाफ नर्स | ० | ० |
| अ.हे.व. | १० | ४ करार - २ |
| अ.न.मी. | १० | ५, करार - ५ |
| ल्याब असिस्टेन्ट | ० | ० |
| भ्याक्सीनेटर | ० | २ - करार |
| कार्यालय सहयोगी | ५ | ४ करार -५ |
| **जम्मा** | **३०** | **२० करार - १४** |

स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, २०७४

## १. श्वास्थ्य क्षेत्रले गर्ने नियमित कार्यक्रम (HMIS)अनुसारका पोषण लक्षित कार्यक्रमहरू

विभिन्न किसीमका उपचारात्मक कार्यक्रमहरु गर्ने गर्दछ। कुपोषित वालबालिकाको उपचार गर्ने तथा नियमित बृद्धी अनुगमन गर्ने, खोप लगायतका कार्यक्रमहरु लक्षित कार्यक्रम अर्न्तगत पर्दछन्। यस अर्न्तगतका सेवाहरु विभिन्न स्तरका स्वास्थ्य संस्थाहरु मार्फत सञ्चालन हुने गर्दछ।

## २. पोषण संवेदनशिल कार्यक्रमहरू तथा पुर्याउने योगदान

### २.१ कृषि क्षेत्रको योगदान तथा क्रियाकलापहरू

- लक्षित वर्गको घरपरिवारमा करेसावारी निर्माण गर्ने।
- करेसाबारी निर्माण गर्न घरपरिवारलाई प्रोत्साहन गर्ने।
- पोषणयुक्त खाद्यान्न उत्पादन गर्ने र यस्ता उत्पादनमा कृषकहरुको क्षमता बृद्धि गर्ने।
- परम्परागत खाद्यवस्तुमा आधारित पोषणयुक्त आहारको तयारी बारे जानकारी बृद्धि गर्ने
- कार्यक्रम।
- उन्नत बिउ प्रबर्धन, साना सिँचाईका कार्यक्रम संचालन गरी कृषि उत्पादन बढाउने।
- जैविक मल तथा जैविक विषादी सम्बन्धी प्रयोगमा कृषकहरुलाई तालिम दिने।
- पोषणयुक्त खाद्यवस्तु उत्पादन, उपभोग र उपयोगीता बारे प्रचार प्रसार गर्ने।
- खानाका परिकार बनाउने तथा पोाषिलो खानाका परिकारहरुको प्रदर्शनी।
- घर नजिक जग्गा नहुने परिवारको लागि च्याँउ, कौसी र गमला खेती।
- स्थानीय जातका फलफुल (जस्तैःमेवा) उत्पादनमा प्रोत्साहन गर्ने।
- मौसम र ठाँउ अनुसार पाईने तरकारी र स्थानीय खाद्य सामाग्रीको महत्व, फाईदा,
- संरक्षण, प्रशोधन र उपयोग बिधिबारे जानकारी।
- कृषि प्राविधिकहरुको सुक्ष्म पोषणतत्वयुक्त खाद्यान्न सम्वन्धी क्षमता अभिबृद्धि गर्ने।

सेवा केन्द्र / उप-केन्द्रको विवरण

| सेवा केन्द्र/उप-केन्द्रको नाम | लाभान्वित साविकका गा.वि.स.को नाम | हालका गा.पा./न.पा.को नाम |
|---|---|---|
| पुलु र छाईल कृषि सेवा केन्द्र | मुगु, डोल्फु, किम्री, पुलु, माग्री गाविस | मुगुम कार्मारोङ गाउँपालिका |
| पुलु र छाईल पशुसेवा केन्द्र | मुगु, डोल्फु, किम्री, पुलु, माग्री गाविस | मुगुम कार्मारोङ गाउँपालिका |

पकेट क्षेत्रको विवरण

| पकेट वस्तु | साबिकका गा.वि.स. | हालका गा.पा./न.पा. |
|---|---|---|
| खाद्यान्न (कोदो, मकै, चिनो) | किम्री, पुलु,र माङग्री | मुगुम कर्मारोङ्ग गाउँपालिकावडा नं. ३,४, ५, ६, ७, ८ र ९ |
| सिमी | माग्री, पुलु र किम्री | मुगुम कर्मारोङ्गगा.पा.को वडा नं. ३,४, ५, ६, ७, ८ र ९ |
| आलु, नाफल र फापर | डोल्फु र मुगु | मुगुम कर्मारोङ्गगा.पा.को वडा नं. १ र २ |
| स्याउ | पुलु, किम्री र माग्री | मुगुम कर्मारोङ्गगा.पा.को वडा नं. ४, ६ र ८ |
| मौरी | माग्री | मुगुम कर्मारोङ्गगा.पा.को वडा नं. ७ |
| कागती र निवुवा | माग्री | मुगुम कर्मारोङ्गगा.पा.को वडा नं. ९ |

गउँपालिकाको खेतीयोग्य जमीनको विवरण

| **सेवा केन्द्र/उप-केन्द्रको नाम** | **लाभान्वित साविकका गाविसको नाम** | **हालकागापा/नपाको नाम** | **जम्मा खेती योग्य जमिन** | **धनहर (हेक्टरमा)** | **पाखो (हेक्टरमा)** |
|---|---|---|---|---|---|
| कृषि सेवा केन्द्रमाग्री र पुलु | डोल्फु, मुगु, किम्री, पुलु,र माङग्री | मुगुम कार्मारोङ गा.पा. | २७६६.१४ | ०.९७ | २७६५०१७ |

२.२ पशुसेवा क्षेत्रको योगदान तथा क्रियाकलापहरूको विवरण

- पशु स्वास्थ्य शिविरमा पशुपंक्षीलाई खोप लगाउने कार्यक्रमलाई निरन्तरता/ विस्तारगर्ने ।
- कुखुरापालन, मौरीका घार, माछाका भुरा र अन्य पशुजन्य उत्पादनका साधन वितरणमा
- सहुलियत प्रदान गर्ने तथा तालिम दिने ।
- समुदायलाई पशुपंक्षीजन्य श्रोतको उत्पादन, उपभोग, तथा प्रशोधन सम्बन्धी सीपमुलक तालिम दिने ।
- पशुपंक्षीजन्य श्रोतको उपभोग व्यवहारमा सुधार गर्ने ।
- सुनौला हजार दिनका परिवारलाई प्रोत्साहनको लागि अण्डा, घिउ उपहार तथा वितरण
- गर्ने ।
- पशु सेवा प्राविधिक हरुको सुक्ष्म पोषणतत्वयुक्त खाना सम्वन्धी क्षमता अभिबृद्धि गर्ने ।

मुगु जिल्लाका ७० प्रतिशत जनता कृषि पेशामा आत्मनिर्भर रहेको पाईन्छ । यो जिल्ला पशु पालन व्यवशायमा अति उपयोग ठाउँ भएकोले जिल्ला पशु सेवा कार्यालय मार्फत जनता समक्ष पुऱ्याईने सेवाको निमित्त ११ सेवा केन्द्र र १ जिल्ला पशु सेवा कार्यालय रहेको छ । यो जिल्ला विगतको तुलनामा मासुमा आत्मनिर्भर हुन खोजेको पाईन्छ भने दूध र अण्डामा विगतका वर्षबाट कुखुराका चल्ला वितरण, दूध उत्पादनका लागि अन्न, नश्लका राँगा, साँढे वितरण गर्ने काम यथावत रहेको छ

मुगुम कार्मारोङ गाउँपालिकामा रहेका पशु सेवा केन्द्र उप-केन्द्रहरूको विवरण

| **सेवा केन्द्र/उप-केन्द्रको नाम** | **साविकका लाभान्वित गा.वि.स.हरु** |
|---|---|
| पशु सेवा केन्द्र माग्री | माग्री |
| पशु सेवा केन्द्र पुलु | मुगु, डोल्फु, किम्री र पुलु |

पशुसेवा सम्बन्धी पकेट क्षेत्रहरूके विवरण

| **पकेटको किसिम** | **पकेट क्षेत्र अन्तर्गत पर्ने वडाहरु** |
|---|---|
| गाई, भैसी पकेट | ७, ८ र ९ |
| भेडा-बाखा | ६, ७ र ८ |
| कुखुरा | ४ र ९ |

२.३ शिक्षा क्षेत्रको योगदान तथा क्रियाकलापहरूको विवरण

- बालक्लबस्थापनातथाविस्तारगर्ने ।
- विद्यालयमा रहेका वाल क्लवहरुलाइ जीवनपयोगी सीप र पोषण बिषयमा अभिमुखकिरण गर्ने ।
- अभिभावक तथा समुदायका सदस्यहरुलाइ पोषण सम्बन्धि शिक्षा दिन सामाग्रीहरु तयारपारि वितरण गर्ने ।
- बालविकास सम्बन्धी योजना तयार गर्ने ।
- बिद्यालय दिवा खाजामा आइरनयुक्त आहार सुनिश्चित गर्ने ।
- घर तथा विद्यालयमा करेसाबारीका प्रवर्धन गर्ने ।
- शिक्षा क्षत्रमा पोषण तथा सरसफाई सम्बन्धि क्षमता बिकास गर्ने ।

- विद्यालय स्वास्थ्य तथा पोषण जाँच तालिका तयार गर्ने र प्रयोग गर्ने
- बिद्यालयमा किशोरीहरुलाइ जीवनपयोगी सीप र पोषण विषयमा स्वास्थ्य शिक्षा दिने ।
- विद्यालय तथा प्रारम्भिक वालविकास केन्द्रमा, पोषण कर्नर, हात धुने स्थानका स्थापना शौचालय तथा खानेपानीको सुनिश्चिता गर्ने ।
- बालमैत्री शिक्षा र बालबालिकाको पोषण सुधारका लागि शिक्षक, बिद्याथी र अभिभाबक बीच अन्तरक्रिया ।
- स्थानीय विद्यालयको पाठयक्रममा जीवनपयोगी शिक्षा, पोषण व्यवहारमा सुधार समावेश गर्ने ।
- महिला शिक्षिका र किशोरीहरुलाइ सनेटरी प्याड निमार्ण, महिनावारी व्यबस्थापन,
- छाउपडी र पोषण सम्बन्धी अभिमुखिकरण ।
- बाल बिबाह बिरुद्धका अभियानहरु सचालन गर्ने ।

**मुगुम कार्मारोङ गाउँपालिका भित्र रहेका विद्यालय तथा स्रोत केनद्रहरूको विवरण**

| स्रोतकेन्द्रको नाम | सम्बन्धित साविकका गाविसको नाम | हालकागापा/नपाको नाम | बालविकास केन्द्र सँख्या | विद्यालय सँख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. |
| पुलु | किम्री, डोल्फु, मुगु, पुलु र माग्री | मुगुमकार्मारोङ्ग गाउँपालिका | १३ | १२ | ४ | ० | १ |

स्रोतः जिल्ला शिक्षा कार्यालय, २०७३

## २.४ खानेपानी तथा सरसफाई क्षेत्रको योगदान तथा कियाकलापहरूको विवरण

- जोखिमपूर्ण समयमा साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्धन गर्ने ।
- विद्यालयमा शौचालय, स्वच्छ पिउने पानी, साबुन पानीले हात धुने र महिनावारी भएका
- बालिकालाई सरसफाइका सुविधाको व्यवस्था गर्ने ।
- समुदाय, संस्था र अन्य सार्वजनिक स्थलमा शौचालय प्रयोगलाई प्रोत्साहन गर्ने ।
- खुला दिसामुक्त क्षेत्र घोषणा तथा पुर्ण सरसफाई अभियान सञ्चालन सञ्चालन गर्ने ।
- विभिन्न समुदायको लागि खानेपानी प्रशोधन प्रणालीको निर्माण, सञ्चालन, वितरण र
- व्यवस्थापन गर्ने ।
- घरायसीस्तरमा सुरक्षित खानेपानीको उपलब्धताको सुनिश्चितता गर्ने साथै खानेपानी
- शुद्धिकरण गर्ने विधिको बारेमा जनचेतना अभिबृद्धि गर्ने तथा प्रोत्साहन गर्ने ।
- खानेपानी सरसफाइ क्षेत्रका सरोकारवालाहरुलाई अभिमुखिकरण ।
- पानी सुद्धीकरण बिधि तथा पानीका मुहान सुरक्षितको सुनिश्चिता गर्ने ।

मुगु जिल्ला खुल्ला दिसा मुक्त जिल्ला घोषणा भई सकेको जिल्ला हो । २०७५ साल जेष्ठ २८ गते खुल्ला दिसामुक्त घोषणा भई सकेको परिप्रेक्षमा त्यसलाई निरन्तरता दिनु पर्ने चुनौती रहेको छ ।

जिल्ला खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालयले नेपाल सरकारद्वारा स्वीकृत विभिन्न साना-ठूला खानेपानी आयोजनाको निर्माण, खानेपानी आयोजनाहरुको मर्मत तथा पुर्स्थापना, खानेपानी सुरक्षा सम्बन्धी कार्यक्रम, खानेपानी तथा सरसफाई सम्बन्धी तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने, वातावरणीय सरसफाई सम्बन्धी कार्यक्रम, बहुक्षेत्रीय पोषण योजना अन्तर्गतका कार्यक्रमहरु सञ्चालन गर्दै आएकोछ ।

## २.५ महिला बालबालिका तथा समाज कल्याण क्षेत्रको योगदान तथा क्रियाकलापहरूको विवरण

- समुदायस्तरमा प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, महिनावारी तथा अन्य जीवनउपयोगी सीप र लैङ्गिक समता सम्बन्धि तालिममा पोषण बिषय समावेश गर्ने ।
- बिद्यालय नजाने किशोरीहरुलाई जीवनपयोगी सीपबारे प्रदान गरिने तालिममा पोषण बिषय समावेश गर्ने ।
- महिनावारी र पोषणका बिषयमा परम्परागत अन्धविश्वास र परम्परा विरुद्ध पैरवी गर्ने ।
- घरपरिवारका सदस्यहरुका साथै सासुबुहारी र श्रीमान बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दा पोषणका बिषय समावेश गर्ने ।


- सामाजिक सुरक्षा संयन्त्रमा पोषण प्रवर्धनात्मक क्रियाकलाप एकीकृत गर्ने ।
- महिला समुह, सहकारी र संस्थाहरुलाई पोषण प्रर्बधन गर्न परिचालन गर्ने ।
- गर्भवती र सुत्केरी आमालाई सम्मान गर्ने ।
- महिला समुह, सहकारीहरुमा पोसिलो जाउलो, लिटो र आयोडिन नुन सम्बन्धी परार्मश र
- प्रर्दशनी गर्ने ।

महिला विकासको अभियान आ.व.०३९/०४० मा थालिएको हो। हाल नेपालको ७५ वटै जिल्लामा महिला तथा बालबालिका कार्यालय स्थापना भएको छ । तर मुगु जिल्लामा भने २०५७ सालमा महिला तथा बालबालिका कार्यालय स्थापना भएको हो । यस कार्यालयले स्थापना कालदेखि नै महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, एकल महिलाको क्षेत्रमा काम गर्दै आइरहेको छ । मुगु जिल्लामा २०६८ सालको जनगणना अनुसार ५५२८६ जनसंख्या मध्ये महिलाको जनसंख्या २७२६१ मा हाल महिला विकास कार्यक्रममा १०९५४ जना महिलाहरु समेटिएका छन् भने मुगु जिल्लाका साबिकका २४ वटै गा.वि.स.का २०७ वटा वडामा महिला विकास कार्यक्रम फैलिएको छ ।

### महिला विकास कार्यक्रमको लक्षित समूह

- ग्रामीण क्षेत्रका २० वर्षभन्दा माथिका विपन्न महिला विकास कार्यक्रम लक्षित रहनेछन् ।
- कहिल्यै विद्यालय नगएका वा गए तापनि प्रवेशिका परीक्षासम्म उत्तीर्ण गर्न नसकेका शैक्षिक रुपमा वञ्चित
- आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वर्षदिन खान नपुग्ने परिवारका आर्थिक रुपमा वञ्चित महिलाहरु

### महिला विकास कार्यक्रमका ३ आयामहरु




### महिला तथा बालबालिका कार्यालयबाट मुगुम कर्मारोङ गाउँपालिका भित्र गठित सहकारी सँस्था विवरण

| संस्थाको नाम | ठेगाना | दर्ता नं. | मिति | शेयर सदस्य संख्या | लगानीमा रहेको रकम | मूख्य लगानीका क्षेत्रहरु |
|---|---|---|---|---|---|---|
| प्र.म.सा.आ.ब.तथा ऋण प.स.सं.लि | माग्री | ३१८ | २०६८/३/०८ | ६२१ जना | ५७१३२०।- | आयमुलक कार्यक्रम (शिक्षा, स्वास्थ्य) |

### २.६ स्थानीय शुसासन क्षेत्रको योगदान तथा क्रियाकलापहरूको विवरण

- स्थानीय तहको आवधिक, बार्षिक तथा रणनीतिक योजनामा बहुक्षेत्रीय पोषण योजनालाई समाबेश गर्ने ।
- सुनौला १००० दिनका घर परिवारको तथ्याङ्क अध्यावधिक गर्ने, पोषण प्रोफाइल तयार गर्ने र पोषणका सुचकहरु समाबेश गर्ने ।
- किशोर-किशोरीमैत्री स्वास्थ्य तथा पोषण कार्यक्रमहरु एकिकृतरुपमा विस्तार गर्ने ।
- पोषण तथा खाद्य सुरक्षा कार्यक्रम कार्यान्वयन गर्नको लागि विभिन्न वर्ग/समूह, घरपरिवासँग बहस-पैरवी बैठक गर्ने ।

- स्थानीय तह (गाउँपालिका/नगरपालिका) तथा वडा तहमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन तथा समितिको नियमित बैठक सञ्चालन भएकोबारे सुनिश्चित गर्ने ।
- आपतकालिन अवस्थामा पोषण सम्बन्धी सुचना तथा पोषण निगरानी प्रणाली स्थापना र
- सवलीकरण गर्ने ।
- बाल संरक्षण अनुदान र पोषण भत्तालाई पोषण व्यवहार सुधारसँग आवद्द गर्ने ।
- पोषणमैत्री स्थानीय तह तथा स्थानीय तहको पोषण नीतिका लागि अभियान सञ्चालन गर्ने ।
- पोषण प्रबर्दनकालागी सार्वजनिक स्थानमा होर्डिङ बोर्ड, पोष्टर, ब्रोसर तयार गरी व्यवहार परिवर्तन सम्बन्धी चेतनामुलक जानकारी राख्ने ।
- बहुक्षेत्रीय पोषण योजनाबारे कर्मचारी, जनप्रतिनिधिहरुको क्षमता बिकास गर्ने ।
- स्वास्थ्य सस्थामा सुत्केरीहुन आउनेहरुकालागी प्रोत्साहन गर्ने ।
- समुदाय स्तरमा पोषण प्रवर्द्धन गर्न रेडियो कार्यक्रम सञ्चालन गर्ने ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको नमूना तयार गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित क्रियाकलापहरुको अनुगमन गर्ने ।

## पोषणका क्षेत्रमा कार्यान्यन भईरहेका कार्यक्रमहरूको विवरण

### १. पोषणका लागि हातेमालो

नेपालमा बाल्यकालीन तथा मातृ पोषणको अवस्थामा सुधार ल्याउनका लागि २०६९-२०७४ का लागि बहुक्षेत्रीय पोषण योजनाको परिकल्पना संगै जसको सहयोगका लागि विभिन्न कार्यक्रम आयोजना तथा परियोजनाहरु संचालनमा आएको छन् । २०७२ साल सम्म बहुक्षेत्रीय पोषण योजना तत्कालिन जिल्ला विकास समितिको अगुवाईमा विभिन्न विषयगत कार्यालयहरुबाटकार्यान्वयन हुँदैआईरहेको थियो । त्यस पछिका दिनहरुमा कार्यान्वयन सहयोगका लागि योजना कार्यान्वयन भईरहेका २८ वटै जिल्लाहरुमा स्वास्थ्य अनुसन्धान तथा समाजिक विकास मञ्च नामक सेवा प्रदायक संस्थाको प्रविधिक सहयोगमा २ जना योजना कार्यान्वयन सहयोग टिमको व्यवस्था गरिएको छ जसमा एक जना जिल्ला संयोजक र एक जना योजना अनुगमन र सुचना व्यवस्थापन अधिकृतले कार्यक्रम कार्यान्वयनका सहयोग पुऱ्याउँदै आईरहेका थिए । सो टिमको जिल्लामा आगमन भए पछि पोषण तथा खाद्य सुरक्षाको क्षेत्रमा काम गर्ने कार्यक्रम तथा परियोजनाको विचमा समन्वय र सहकार्य हुदै पोषणका लागि हातेमालो भएको छ । यसरी पोषणका लागि सबै मिलेर लक्षित बर्गको उत्थानमा लागि पर्ने अभियान नै पोषणका लागि हातेमालो हो ।हाल सेवा प्रदायक संस्था हर्ड मर्फत एक जना जिल्ला संयोजक मात्र रहेको छ ।

### २. याउँपालिका भित्र पोषणको क्षेत्रमा कार्यरत गैर सरकारी सँस्थाहरूको विवरण

सरकारी कार्यालयहरु बाहेक मुगु जिल्लामा विभिन्न संघ संस्थाहरुले पोषणको क्षेत्रमा काम गरिरहेका छन् । यिनीहरुमध्ये कुनै जिल्लाभरी नै क्रियाशील छन् भने कुनै सीमित क्षेत्र वा साविकका गा.वि.स.हरुलाई कार्यक्षेत्र बनाई सञ्चालित छन् । मुगुम कार्मारोङगाउँपालिकामा पोषणको क्षेत्रमा काम गर्ने संघ संस्थाहरु तपशिल बमोजिम रहेका छन् :

| संघ संस्था | कार्यक्षेत्र (साविकका गा.वि.स.) | कामको विवरण |
|---|---|---|
| सप्रोस नेपाल | गाउँपालिकाको सबै वडाहरुमा | १००० दिनका आमालाई सुपरसिरियल र बाख्रा र भैसी वितरण कार्यक्रम |
| युनाइटेड मिसन टु नेपाल | किम्री, माग्री | पीडी हर्थ, खाद्य प्रदर्शनी, किशोरकिशोरीहरुलाई प्रजनन् स्वास्थ्य सम्बन्धी सचेतनामुलक कार्यक्रम |
| साहस नेपाल | किम्री, माग्री र पुलु | पोषण सम्बन्धी तालीम,सेनीटरी पैड वितरण, खुल्ला दिसामूक्त अभियान, स्वास्थ्य र सरसफा सम्बन्धी सचेतनामुलक कार्यक्रम |
| कृषि तथा खाद्य सुरक्षा कार्यक्रम | माग्री | खाद्य प्रदर्शनी, महिलाको कार्यबोझ घटाउन सामाग्री सहयोग, तरकारी बिउ सहयोग तथा करेसावारी निर्माण, कृषि पाठशाला |

| संघ संस्था | कार्यक्षेत्र (साविकका गा.वि.स.) | कामको विवरण |
|---|---|---|
| शीघ्र कुपोषण व्यवस्थापन (आइमाम) | सबै वडाहरुमा | RUTF वितरण, बालबालिकालाई पोषण भत्ता सहयोग, स्वास्थ्यकर्मीहरुलाई तालीम |
| के.सी.डी.सी | सबै वडाहरुमा | तरकारी बिउ तथा टनेल हाउस सहयोग, ए.फ.स.पी लाइ सामाग्री सहयोग, |
| किर्डाक | सबै वडाहरुमा | खुल्ला दिसामुक्त तथा पूर्ण सरसफाईमा सहयोग, जीविकोपार्जनमुलक कार्यक्रम, तरकारी बिउविजन तथा टनेल हाउस वितरण |
| गुड नेवर अन्तराष्ट्रिय | किम्री, माग्री र पुलु | स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई तालीम, स्वास्थ्य संस्थालाई स्वयम् सेवक सहयोग |
| कर्णाली सामुदायिक विकास केन्द्र | माग्री | खाद्य प्रदर्शनी, महिलाको कार्यबोझ घटाउन सामाग्री सहयोग, तरकारी बिउ सहयोग तथा करेसावारी निर्माण, कृषि पाठशाला |
| बहुक्षेत्रीय पोषण योजना | सबै गाउँपालिका तथा नगरपालिका | विभिन्न विषयगत कार्यालयहरु मार्फत पोषण सम्वन्धी सचेतनामुलक कार्यक्रम |
| आर.आर.एन./सी.डि.पी | माग्री र पुलु | जीविकोपार्जनमुलक कार्यक्रम, सुशासन सम्बन्धी कार्यक्रम र निर्माणका कार्यहरु |

## विभिन्न पुरक बहुक्षेत्रीय पोषण योजनाको पहुँचको अवस्था

यस वर्ष मुगुम कार्मारोङ गाउँपालिका को गाउँपालिका स्तरीय स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकबाट ५, ६, ७, ८, र ९ नं.वडाहरुमा बहुक्षेत्रीय पोषण योजनाका क्रियाकलापहरु कार्यान्वयनमा रहेका छन् । आगामी आर्थिक वर्षहरुमा यो योजनाका क्रियाकलापहरु सबै वडाहरुमा विस्तार गर्दै लगिनेछ । स्वास्थ्य क्षेत्र तथा अन्य विकासका साझेदार संघ संस्थाहरुले अन्य वडाहरुमा पनि आफ्ना कार्यकम तथा क्रियाकलापहरु संचालन गरिरहेका छन् ।

## संस्थागत संरचना

### १.१ पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन तथा सँञ्चालन

बहुक्षेत्रीय पोषण योजना लगायत पोषणका संवेदनशिल तथा पोषण लक्षित कार्यक्रमहरुको समन्वय, सहजीकरण तथा कार्यान्वयनमा एकरुपता ल्याउने उद्देश्यले गाउँपालिकामा   नगर स्थारीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन गर्ने व्यवस्था गरेको छ । साथै वडाहरुमा पनि वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठनको व्यवस्था गरेको । छयाँनाथ रारा गाउँपालिकामा   पनि मेयरको अध्यक्षतामा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन भई समय समयमा बैठक वसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु भएका छन् ।

### १.२ जिल्ला तह

देश संघीयतामा गए संगै बहुक्षेत्रीय पोषण योजना दोस्रो आएको छ। सो योजना अनुसार बहुक्षेत्रीय पोषण योजनाको समन्वय, सहजीकरण। अनुगमन, समिक्षा तथा मूल्याङ्कनको जिम्मेवारी विद्यमान जिल्ला समन्वय समितिको हुनेछ । यस सम्बन्धमा जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

क) बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन भएका गाउँपालिका तथा गाउँपालिकामा   कार्यक्रम अनुगमन गर्ने ।
ख) अन्तर स्थानीय तह तथा प्रदेशसँग आवस्यक समन्वय गर्ने ।
ग) गाउँपालिका तथा नगरपालिकाको दीर्घकालिन, आवधिक तथा वार्षिक कार्यकममा बहुक्षेत्रीया योजना अनुसारका कार्यकम समावेश गर्न सहजीकरण गर्ने ।
घ) पोषण तथा खाद्य सुरक्षा सम्बन्धि स्थानीय स्तरको गोष्ठी, सभा-सम्मेलनमा बहस तथा पैरवी गर्ने ।
ङ) स्थानीय तहभित्र कार्यान्वयन गरिएको बहुक्षेत्रीय पोषण योजनाको अनुगमन, प्रगतिको समीक्षा र उपलब्धिको मूल्याङ्कन गर्ने ।

### १.३ पोषण तथा खाद्य सुरक्षा निर्देशक समित गठन, गाउँपालिका तथा नगरपालिका

बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने प्रत्येक गाउँपालिका तथा गाउँपालिकामा छुट्टाछुट्टै गाउँपालिका तथा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति देहायबमोजिम गठन गर्ने व्यवस्था छ ।

| क्रं. सं. | पदाधिकारीहरुको विवरण | समितिमा पद |
|---|---|---|
| १ | नगरपालिका प्रमुख / गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २ | नगरपालिका उप-प्रमुख / गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| ३ | नगरपालिका / गाउँपालिकाका सबै वडाका वडा अध्यक्षहरु | सदस्य |
| ४ | नगरपालिका / गाउँपालिकाका महिला सदस्यहरु मध्ये प्रमुखले तोकेको एक जना | सदस्य |
| ५ | नगरपालिका / गाउँपालिकाका दलित महिला सदस्यहरु मध्ये प्रमुखले तोकेको एक जना | सदस्य |
| ६ | पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनको लागि संयोजना गर्न तोकिएको संयोजक | सदस्य |
| ७ | सम्बन्धितनगरपालिका / गाउँपालिकाका स्वास्थ्य, कृषि विकास। पशुपन्छी विकास, खानेपानी तथा सरसफाई, महिला बालबालिका तथा समाज कल्याण, शिक्षा, सुशासन, अर्थ, संचार, वाणिज्य र आपूर्ति र योजना तथा अभिलेख सम्बन्धी विषयगत ईकाई/निकायका प्रमुख | सदस्य |
| ८ | नगरपालिका / गाउँपालिकाको सामाजिक विकाससम्बन्धी शाखाको कार्यक्रम अधिकृत | सदस्य |
| ९ | नगरपालिका / गाउँपालिकास्तरीय उद्योग तथा वाणिज्य सङ्घको अध्यक्ष | सदस्य |
| १० | नगरपालिका / गाउँपालिकास्तरीय गैरसरकारी संस्था महासंघको अध्यक्ष | सदस्य |
| ११ | नगरपालिका / गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी | सदस्य सचिव |

### १.४ गाउँपालिका / नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम कर्तव्य र अधिकार

- पोषण तथा खाद्य सुरक्षा सम्बन्धी राष्ट्रिय र प्रदेश तहका नीतिहसँग नबाझिने गरी सम्बन्धित नगरपालिका तथा गाउँपालिकास्तरको पोषण तथा खाद्य सुरक्षासम्बन्त्री नीतिहरु तर्जुमा गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनाको लागि स्रोत पहिचान गरी आवस्यक बजेटको सुनिस्चतता गर्ने ।
- नगरपालिका / गाउँपालिकाको दीर्घकालीन, आवधिक तथा बार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजनाअनुसारका कायक्रम समावेश गर्ने र सभामा पेश गर्ने,
- पोषण तथा खाद्य सुरक्षासम्बन्धी राष्ट्रियस्तरको गोष्ठी, सभा-सम्मेलनमा बहु तथा पैरबी गर्ने,
- नगरपालिका तथा गाउँपालिकाभित्रका वडा तहमा गठन हुने पोषण तथा खाद्य सुरक्षासम्बन्त्री समितिको गठन तथा सञ्चालनको लागि आवस्यक निर्देशन दिने र सहजीकरण गर्ने,
- नगरपालिका तथा गाउँपालिकाभित्रका वटातहमा गठन भएका पोषण तथा खाद्य सुरक्षासम्बन्धी समितिबाट सम्पादित कार्यहरुको समिक्षा गर्ने र आवस्यक निर्देशन दिने ।
- स्थानीय तहभित्र कार्यान्वयन गरिएको बहुक्षेत्रीय पोषण योजनाको अनुगमन प्रगतिको समिक्षा र उपलब्धिको मुल्याङ्कन गर्ने, र बहुक्षेत्रीय पोषण योजनासम्बन्धी कार्य प्रगति जिल्ला समन्वय समिति तथा प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिमा नियमित रुपमा पठाउने ।

### १.५ वडा स्तरमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन

बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने प्रत्येक नगरपालिका तथा गाउँपालिकाको हरेक वडामा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति देहायबमोजिम गठन गर्ने व्यवस्था छ ।

| सि. नं. | पदाधिकारीहरुको विवरण | समितिमा पद |
|---|---|---|
| १ | नगरपालिकाका / गाउँपालिकाको वडाको अध्यक्ष | अध्यक्ष |
| २ | नगरपालिकाका / गाउँपालिकाको वडाको महिला सदस्य | सदस्य |
| ३ | नगरपालिकाका / गाउँपालिकाको वडाको महिला दलित सदस्य | सदस्य |
| ४ | नगरपालिकाका / गाउँपालिकाको वडामा रहेको स्वास्थ्य, कृषि विकास, पशुपन्छी विकास, खानेपानी तथा सरसफाई, महिला बालबालिका तथा समाज कल्याण, शिक्षा, वाणिज्य र आपूर्तिसम्बन्धी विषयगत ईकाई भएमा सोको प्रमुखहरु | सदस्य |
| ५ | नगरपालिका / गाउँपालिकको वडामा रहेका विद्यालयकामहिलाशिक्षकहरु | सदस्य |
| ६ | नगरपालिका /गाउँपालिकाको वडामा कार्यरत गैरसरकारी संघ-संस्थाको प्रतिनिधिएकजना | सदस्य |
| ७ | नगरपालिका / गाउँपालिकाको वडाको नागरिक मञ्चको संयोजक | सदस्य |
| ८ | नगरपालिका / गाउँपालिकाको वडाको महिला स्वास्थ्य स्वयंसेविकाएकजना | सदस्य |
| ९ | नगरपालिका / गाउँपालिकाको वडा भित्रका विद्यालय व्यवस्थापन समितिको सदस्य एक जना | सदस्य |
| १० | नगरपालिका/गाउँपालिकाको वडा भित्रका स्वास्थ्य सेवा व्यवस्थापन समितिको सदस्य एक जना | सदस्य |
| ११ | नगरपालिका / गाउँपालिकाको सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |

### १.६ वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम कर्तव्य र अधिकार

- आफ्नो वडामा सहभागितामूलक पद्धतीबाट पोषणसम्बन्धी कार्यक्रमहरुको पहिचान गरि त्यस्ता कार्यक्रमहरु सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सभामा पेश गर्ने ।
- वडामा पोषण लक्षित समुदायको पहिचान गर्ने र वडा समितिलाई सहयोग गर्ने ।
- पोषण लक्षित समुदायको आवस्यकता पहिचान गर्ने र उनिहरुको सहभागितामा कार्यक्रमको प्रथमिकिकरण गर्न सहयोग गर्ने ।
- पोषण सम्बन्धि लक्षित र संवेदनशिल क्षेत्रमा विभिन्न अभियान संचालन गर्न समुदायको परिचालन गर्ने, र
- गैरसरकारी संस्था तथा अन्य निकायबाट वडामा सञ्चालित पोषण कार्यक्रम अनुगमन गर्ने र प्रतिवेदन वडामा पेश गर्ने ।

# बहुक्षेत्रीय पोषण योजनाको अभिमुखीकरण तालिम, पैरवी, सामाजिक परिचालन तथा अन्य

### १. अनुगमन तथा सुपरीवेक्षण संरचना

बहुक्षेत्रीय पोषण योजनाका क्रियाकलापहरुको गुण्स्तरीयता सुनीस्चीत गर्नका लागि सँचालन भएका कार्यक्रम तथा क्रियाकलापहरुको समय समयमा अनुगमन तथा कार्याक्रम तथा क्रियाकलाप भईरहेको समयमा सुपरिवेक्षण गर्ने कार्य नियमिति रुपमा हुँदै आईरहेकोछ। यसमा केन्द्र तथा प्रदेश सरकार तथा दातृ निकायबाट समय समयमा अनुगमन गर्ने कार्य भईरहेकोछ । बहुक्षेत्रीय पोषण योजना दोस्रोले लिइको लक्ष्यहरु निम्नुसार छ ।

- पाँच वर्षमुनिका बालबालिकामध्ये पुड्कोपन हुनेको प्रतिशत ३५.८ बाट २८ भन्दा कम भएको हुनेछ ।

- ५ वर्ष मुनिका बालबालिकामा ख्याउटेपन हुनेको प्रतिशत ९.७ बाट ७ भन्दा कम भएको हुनेछ ।
- जन्मदा कमतौल भएको बच्चाको अनुपात प्रतिशत २४ बाट १० भन्दा कम भएको हुनेछ ।
- ५ वर्ष मुनिका बालबालिकाको अधिक तौल र मोटोपना प्रतिशत २.१ बाट १.४ भन्दा कम भएको हुनेछ ।
- महिलाहरुमा दीर्घ शक्तिको कमी (Chronic Energy Deficiency) हुनेको प्रतिशत (BMI को रुपमा मापन हुने) १७ बाट १२ भन्दा तल हुनेछ ।
- प्राथमिक तथा आधारभुत स्कूल शिक्षा पुरा गर्ने बालबालिका तथा किशोर किशोरीको प्रतिशत बढेको हुनेछ ।

### २. नियमितत तथा संयुक्त अनुगमन

नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुबाट नियमित रुपमा र सरोकारवाला निकायहरुको उपश्थितिमा संयुक्त अनुगमन गर्ने कार्य भईरहेको छ । अनुगमन पश्च्यात अनुगमन टोलीले अनुगमनमा देखिएका कमि कमजोरी, राम्रा पक्ष आदिको एकिकृत प्रतिवेदन तयार गरि नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई बुझाउने व्यवस्था रहेकोछ ।

### ३. तेस्रो पक्षबाट अनुगमन

बहुक्षेत्रीय पोषण योजनाले लिएको लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि नेपाल सरकार तथा दातृ निकायबाट तेस्रो पक्ष अनुगमनको व्यवस्था हुने गर्दछ ।

### ४. स्थानीय तह, जिल्ला र प्रदेश तथा केन्द तहबाट अनुगमन तथा सुपरिवेक्षण

बहुक्षेत्रीय पोषण योजनाका क्रियाकलापहरुको गुणस्तरीयता सुनीस्चीत गर्नका लागि सँचालन भएका कार्यकम तथा क्रियाकलापहरुको समय समयमा अनुगमन तथा कार्याकम तथा क्रियाकलाप भईरहेको समयमा सुपरिवेक्षण गर्ने कार्य नियमिति रुपमा हुँदै आईरहेकोछ । यसमा केन्द्र तथा प्रदेश सरकार, दातृ निकाय तथा स्थानीय तहबाट समेत समय समयमा अनुगमन गर्ने कार्य भईरहेकोछ ।

### ६. अनुगमन checklist, tools

### १. जिल्ला समन्वय समितिबाट अनुगमन गर्ने चेक लिस्ट

गाउँपालिका तथा नगरपालिकामा सञ्चालन भईरहेको तथा भईसकेको बहुक्षेत्रीय पोषण योजना अर्न्तगतका क्रियाकलाप तथा कार्यक्रम साथै विभिन्न सँघ सँस्थाहरुबाट सँचालीत पोषण लक्षीत तथा पोषण संवेदनशलि कार्यक्रमहरुको जिल्ला समन्वय समितिबाट नयिमति रुपमा अनुगमन हुने गर्दछ जुन अनुगमन गर्ने चेक लिष्ट अनुसुचिमा (१) राखिएको छ

### १. गाउँपालिका तथा नगरपालिकाबाट अनुगमन गर्ने चेक लिस्ट

नगरपालिका तथा नगरपालिकमा सञ्चालति कर्यक्रमहरुको सम्बन्धीत गाउँपालकिा तथा नगरपालकिाले संयक्त अनुगमन गर्ने व्यवस्था गरिएको छ । अनुगमनका लागि प्रयोग हुने अनुगमन निरिक्षण गर्ने फारम अनुसुचीमा (२) राखिएको छ

# आ.व. २०७५/०७६ का लागि पोषण लक्षित तथा संवेदनशिल कार्यक्रमहरूको विवरण

१. एकिकृत पोषण कार्यक्रम (युनीसेफ नेपालबाट पोषणका क्रियाकलापहरू सञ्चालन गर्नका लागि)

| मुख्य क्रियाकलापको नाम | बजेट रू. १००० मा | बजेट रू. | बहुक्षेत्रीय पोषणयोजना बजेट | जम्मा बजेट |
|---|---|---|---|---|
| बृहत पोषण प्याकेज कार्यक्रम तथा क्षमता अभिवृद्धि ( IMAM, IYCF-MNP, Adolescent IFA, SBCC etc) बहुक्षेत्रीय पोषण योजना लागुभएका ३०८ स्थानीय निकायहरु | १२३५ | १२३५००० | ० | १२३५००० |
| शिघ्र कुपोषणको एकिकृत व्यवस्थापनको लागि बहिरंग ( इत्क्प्) र अन्तरंग उपचार (SC) विस्तार, सुदृधिकरण तथा सम्भार (Screening, treatment, referral, followup and defaulter tracking ) को लागि सहयोग | ७५ | ७५००० | ० | ७५००० |
| पोषण सम्बन्धि राष्ट्रिय दिवस संचालन (स्तनपानसप्ताह, आयोडिन महिना, बिद्यालय स्वास्थ्य तथा पोषण सप्ताह, बाल पोषण अभियान भिटामिन ए, जुकाको औषधीवितरण, बाल भिटा, पोषण स्थिति लेखाजोखाका लागि पाखुराको नाप आदि लगायत कार्यसंचालनको लागि बहुक्षेत्रीय पोषण योजना लागु भएका जिल्लाका ३०८ ओटा स्थानीयनिकायलाई सहयोग | ४५ | ४५००० | ० | ४५००० |
| तथ्यांक गुणस्तर सुधारको लागि पोषण सूचक सम्बन्धिसूचना ब्यबस्थापन प्रणाली विकास र स्थापना, तथ्यांक गुणस्तर सुदृधिकरण (लैंगिकसमता तथा सामाजिक समबेशिकरण तथा अपांगता भएका व्यक्तिहरुको तथ्यांक समेतकोसमाबेश हुने गरि) ( बहुक्षेत्रीय पोषण योजना लागु भएका जिल्लाका ३०८ ओटा स्थानीय निकायलाई | ८ | ८००० | ० | ८००० |
| पोषण सम्बन्धि अर्ली वार्निंग सिस्टम विकास रस्थापना ( पोषण सर्भिलेन्स) ( बहुक्षेत्रीय पोषण योजना लागु भएका जिल्लाका ३०८ ओटा स्थानीय निकायलाई | ३० | ३०००० | ० | ३०००० |
| प्रकोप जोखिम ब्यबस्थापन तथा आकस्मिक पोषण कार्ययोजना निर्माण | ५० | ५०००० | ० | ५०००० |
| गर्भवती तथा सुत्केरी महिला, बालबालिका तथा किशोरीलक्षित पोषण प्रवर्धन कार्यक्रम (पोषण नाग्लो प्रवर्धन समेत) र बिद्यालय जानेतथा नजाने किशोर किशोरी लक्षित पोषणयुक्त खाध्यबस्तु तथा स्वस्थ जीवन शैली प्रवर्धन | ८० | ८०००० | ० | ८०००० |

| मुख्य क्रियाकलापको नाम | बजेट रू. १००० मा | बजेट रू. | बहुक्षेत्रीय पोषणयोजना बजेट | जम्मा बजेट |
|---|---|---|---|---|
| स्तनपान कक्ष स्थापना (बहुक्षेत्रीय पोषण योजनालागु भएका जिल्लाका सार्वजनिक, निजि, औपचारिक, अनौपचारिक क्षेत्रमा (कम्तिमा २०ओटा कक्ष) | ८० | ८०००० | ० | ८०००० |
| वृद्धि अनुगमन, प्रवर्धन तथा पोषण परामर्शकार्यक्रम र स्वास्थ आमा समूह सुदृधिकरण | २६ | २६००० | ० | २६००० |
| पोषण कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण (स्थानीय तहमा(बहुक्षेत्रीय पोषण योजना लागु भएका जिल्लाका ३०८ ओटा स्थानीयनिकायलाई | ४५ | ४५००० | ० | ४५००० |
| जम्मा एकिकृत पोषण कार्यक्रम तथा MSNPकार्यक्रम | १२३ | ८५४००० | १२३५००० | २०८९००० |

२. केन्द्रबाट प्रदेश तथा स्थानीय स्तरबाट बहुक्षेत्रीय पोषण योजनाको लागि बजेट व्यवस्थापनको व्यवस्थान

| क्र. सं. | केन्द्रीय जम्मा बजेट हजारमा | बजेट श्रोत | | पहिलो चौमासीक | | दोस्रो चौमासीक | | तेस्रो चौमासीक | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | GoN | UNICEF | GoN | UNICEF | GoN | UNICEF | GoN | UNICEF |
| १ | 1235 | 222 | 1013 | 222 | 0 | 0 | 810 | | 203 |

| क्र. सं. | प्रादिशक बजेट जम्मा रू. १००० मा | बजेट श्रोत | पहिलो चौमासीक | दोस्रो चौमासीक | तेस्रो चौमासीक |
|---|---|---|---|---|---|
| १ | | प्रदेश सरकार | | | |

| क्र. सं. | स्थानीय तहबाट छुट्याईएको बजेट जम्मा रू. १००० मा | बजेट श्रोत | पहिलो चौमासीक | दोस्रो चौमासीक | तेस्रो चौमासीक |
|---|---|---|---|---|---|
| १ | 555 | स्थानीय तह | | | |

**३. गैर सरकारी सँस्थाहरूको कार्यक्रम**

**३. निजी क्षेत्रको कार्यक्रम**

## कुपोषण घटाउने रणनीतिक कार्यक्रम तथा निर्णयहरु

आगामी आ.ब. २०७५/०७६ को लागि यस मुगुम कार्मारोङ गाउँपालिका मुगुले बहुक्षेत्रीय पोषण योजना(MSNP) कार्यान्वयनको लागि निम्न नीति तथा कार्यकममा जोड दिने छ :

- यस गाउँपालिकामा महिला, किशोरी र बालबालिका तथा विशेष गरि सुनौला एक हजार दिनका आमा तथा बालबालिकाहरुमा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहु क्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नकालागि यस मुगुम कार्मारोङ गाउँपालिका मुगुले करीव ४५ प्रतिशत वा रु. ५५५०००/- रकम समपुरक कोष (Matching Fund) को व्यबस्था गर्नेछ ।

- नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना अन्तरगतका क्रियाकलापहरुको कार्यान्वयनलाई यस मुगुम कार्मारोङ गाउँपालिका मुगुले उच्च प्राथमिकतामा राख्ने छ। सोही अनुरुप आ.ब.को २०७५/०७६ को लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट रु. १२ लाख ३५ हजार, र यस गाउँपालिकाले छुट्याएको समपुरक रकम रु. ५५५०००/- समेत जम्मा रु. १७,९०,०००/- लाई क्षेत्र गत बिनियोजन गरी पोषण सुधारको लागि तोकिएको क्रियाकलापमा खर्च गरीने छ।
- बहुक्षेत्रीय पोषण योजना दोस्रोले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र पोषण सम्बेदनशिल क्रियाकलाहरु सञ्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिने छ।
- गाउँपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुले नगरभित्र सञ्चालन गरेका क्रियाकलापहरुको विवरण राख्नका लागि गाउँपालिकामा विद्यमान रहेको पोषण रजिष्टिरलाई निरन्तरता दिईनेछ। साथै पोषण रजिष्टरमा पोषणका गतिविधिहरु समावेश भएको सुनिश्चित गरिने छ।
- एक घर एक करेसाबारीको अवधारणा अनुरुप सबै घरधुरीमा करेसाबारी निर्माण भई नियमित रुपमा मौसम अनुसारका ताजा पोषिलो तरकारी उपलब्धताको लागि आवस्यक कार्यक्रम बनाई कार्यान्वियन गरिनेछ।
- गाउँपालिकामा रहेको पोषण डेष्कलाई व्यवस्थित गरिनेछ साथै पोषणका सेवाहरु प्रभावकारी रुपमा प्रवाह गरिनेछ। साथै गाउँपालिकाको नागरिक वडापत्रमा पोषणका सेवाहरु समावेस गरिनेछ।
- गाउँपालिकाकाको पोषण सम्बन्धी सुचना, तथ्यांकहरुको व्यबस्थापनको कमी भएको कुरालाई महशुस गर्दै आवस्यकता अनुसार आ.व. २०७४/०७५ मा तयार गरिएको पोषण पार्श्व चित्रलाई आवस्यकता अनुसार अद्यावधिक गरिनेछ।
- बहुक्षेत्रीय पोषण योजना दोस्रो कार्यान्वयन सम्बन्धी राष्ट्रिय योजना आयोगको निर्देशिका २०७४ ले तोके अनुसार पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति सबै वार्डहरुमा गठन गरी बहु क्षेत्रीय पोषण योजनालाई मुलप्रवाहीकरण गरिनेछ।
- पोषण लक्षित अनुगमन तथा मुल्याङ्कनको प्रारुप सहित स्थानीय योजना तर्जुमा प्रक्रिया र योजनाहरुमा पोषणलाई समाहित गरिनेछ।
- हालै सम्पन्न विश्वब्यापी एवम् नेपालको प्रमाण समिक्षा भएको आधारमा आमाहरुमा कुपोषण र बालबालिकाहरुमा पुड्कोपनको प्रवृत्तिमा कमि ल्याउन हाल उपलब्ध गराँउदै आएको बाल नगद अनुदानको साथै बच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्ता गर्न आउने आमालाई पोषण भत्ता उपलब्ध गराईनेछ।
- समाजमा बिद्यमान कुरुती जस्तैः छाउपडी, बाल बिबाह र छुवाछुत जस्ता कुसंस्कार र बिकृती अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गरिनेछ।
- यस बर्ष बहुक्षेत्रीय पोषण योजनालाई गाउँपालिकाको ९ वटै वडाहरुमा बिस्तार गरि कार्यान्वयन गरिने छ।
- स्वस्थ, सफा र पुर्ण पोषणयुक्त घर, गाउ र वडा अभियान सञ्चालन गर्दै आगामी ५ बर्ष भित्र यस मुगुम कार्मारोङ गाउँपालिकालाई कुपोषणमुक्त भएको घोषणा गर्नका लागि आवस्यक पहल गरिनेछ।
- सवैस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गरिनेछ।




अनुसूचीहरू

**जिल्ला समन्वय समिति को कार्यालय मुगु**

अनूसूची १

**गाउँपालिका तथा नगरपालिकाको स्थलगत अनुगमन सूचक एवं अनुगमन प्रतिवेदनको ढाँचा**

**(आ.व.०७४/७५)**

अनुगमन गरिएको स्थानीय तहको नामः

अनुगमन गरिएको मितिः

अनुगमन टोलीको विवरणः

## खण्ड कः प्रगति विवरण (परिमाणात्मक)

| प्रमुख क्षेत्र | सूचक | स्थिति | विश्लेषण |
|---|---|---|---|
| १. | पोषण सम्बन्धि सयोजक | | |
| | पोषण सम्बन्धि सम्पर्क व्यक्ति | | |
| | पोषण डेष्क स्थापना | | |
| | पोषणको क्षेत्रमा पालिका भित्र सन्चालन भएका क्रियाकलापहरुको अभिलेखिकरणका लागि पोषण रजिष्टर स्थापना | | |
| | पालिका स्तरीय पोषण तथा खाध्य सुरक्षा समिति को बैठक बसेको पटक | | |
| | निर्णय हरुको कार्यन्वयन गरेको अवस्था तथा पुनरावलोकन बैठक बसेको | | |
| २. योजना तर्जुमा तथा आयोजना व्यवस्थापन | गाउँपालिका तथा नगरपालिका पोषण सम्बन्धि पार्श्वचित्र तयार एवं अध्यावधिक भए नभएको | | |
| | एकीकृत योजना तर्जुमा समितिमा पिछडिएका समुदायको प्रतिनिधित्व रहे नरहेको (स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ वमोजिम) | | |
| | पालिकामा पोषण लक्षित कार्यक्रम हरु योजना मा रहेको | | |
| | बहुक्षेत्रीय पोषण योजनबाट लाभान्वित घरहरु/समुदाय/जात जति हरु | | |
| ३. आर्थिक व्यवस्थापन र अनुशासन | चालू आ.व.को अख्तियारी प्राप्त मिति | | |
| | अघिल्लो चौमासिक सम्मको पूँजिगत खर्च रकम र % | रकम % | |
| | गत आ.व. लक्षित वर्ग (महिला १० प्रतिशत, बालबालिका १० प्रतिशत र विपन्न वर्ग १५ प्रतिशत) का लागि विनियोजित र खर्च भएको बजेट | विनियोजन<br>खर्च | |
| | सामाजिक सुरक्षातर्फ पेश्की विवरण | | |
| | बहुक्षेत्रीय पोषण योजना का क्षेत्रगत क्रियाकलाप हरुको आर्थिक प्रतिबेदन पेश | | |
| ४. सुशासन, पारदर्शिता र | गत आ.व.मा सम्पादित सार्वजनिक सुनुवाईको संख्या (चौमासिक विवरण सहित) | चौ१ चौ२<br>चौ३ | |

| प्रमुख क्षेत्र | सूचक | स्थिति | विश्लेषण |
|---|---|---|---|
| अनुगमन तथा मूल्यांकन | कूल आयोजनाहरुको संख्या र सार्वजनिक परीक्षण गरिएका आयोजनाहरुको संख्या | | |
| | सुपरिवेक्षण र अनुगमन समितिबाट अनुगमन भए पश्चात् समीक्षा हुने गरे नगरेको | | |
| ५.सामाजिक सुरक्षा र पंजीकरण कार्यक्रम | सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको संख्या र कूल रकम (वाल संरक्षण अनुदान सहित) | | |
| | सामाजिक सुरक्षा भत्ता पाउनेको नामावली चौमासिक रुपमा अध्यावधिक गरी सार्वजनिक गरे नगरेको | | |
| ६.अन्तर्सम्बन्धित क्षेत्रहरु (EFLG, CFLG, GESI, Social Mobilization) | बालमैत्री स्थानीय शासन घोषणा भए नभएको | | |
| | ODF घोषणा भए नभएको | | |
| | पूर्ण खोप घोषणा भएको/नभएको | | |
| MSNP को क्षेत्रगत कार्य प्रगति विवरण | क्षेत्रगत शाखा कार्यालय (स्वास्थ्य, कृषि/पशु, शिक्षा, अन्य को पोषण सम्बन्धि प्रगति प्रतिबेदन तयार गरे नगरेको | | |
| | MSNP क्रियाकलप को गाउ स्तरिय समिक्षा गरेको /नगरेको | | |

## खण्ड ख:प्रगति विवरण (विवरणात्मक)

**१. चालू आ.व.मा सम्पादित उल्लेखनीय कार्यहरुः**

**२. अनुभूत गरिएका प्रमुख समस्याहरुः**

**३. अनुगमन अधिकारीबाट दिइएको प्रमुख निर्देशन/ सुझावः**

**४. कुनै सफलताको कथा तथा घटना अध्ययन हरु भएमा छुट्टै समाबेश गर्नेः**

**५. सम्बिन्धित कार्यक्रम अनुगमन गर्दाको फोटोहरुः**

**<u>अनुगमन गर्ने अधिकारीकोः</u>**

**नाम थरः**

**पदः**

**दस्तखतः** **मितिः**

**बहुक्षेत्रीय पोषण योजना कार्यक्रम स्थलगत अनुगमन निरीक्षण समूह छलफल, घरधूरी सर्भेक्षणको प्रतिवेदन फाराम**

मिति : २०७४/......./......... गते

श्री ज्यू,
मुगुम कार्मारोङ गाउापालिकाको कार्यालय, मुगु

**विषय : बहुक्षेत्रीय पोषण योजनाको अनुगमन, निरीक्षण सुपरीवेक्षण, समूह छलफल गरी यथार्थ प्रतिबेदन पेश गरिएको बारे ।**

उपर्युक्त सम्बन्धमा मुगुम कार्मरोङ गाउँपालिकाको च. न मिति .............. गतेको पत्रानुसार स्थानीय स्वायत्त शासन ऐन तत्सम्बन्धी नियमावली, स्थानीय तह अनुगमन एवम सुपरीवेक्षण निर्देशिका बमोजिम बहुक्षेत्रीय पोषण योजना कार्यक्रमको निम्नानुसार स्थलगत, सघन अवलोकन निरीक्षण गरी सेवाग्राहि तथा सुनौला १००० दिनका आमा तथा तिनका घर परिवारमा भ्रमण गरि, लक्षित समूह छलफल र अर्न्तक्रिया गरी उनिहरुको उपस्थिति र सहभागितामा निम्नानुसार यथार्थ प्रतिवेदन पेश गरिएको ब्यहोरा अनुरोध छ ।

**समूह छलफलमा सहभागिहरुको विवरण :**

| सिं.नं | सहभागिको नाम | ठेगान | उमेर | म/पु | मोवाइल नं | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

स्थलगत अवलोकन, अनुगमन एवम सुपरीवेक्षण टोलीको उपस्थिति र हस्ताक्षर

| सिं.नं | अनुगमन सुपरीवेक्षण कर्ताको नाम थर र पद | कार्यालय/संघ संस्था | मोवाइल नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

स्थलगत अवलोकन, अनुगमन निरिक्षणको क्रममा देखिएका माथीको सूचकमा छुटेका केही कुरा छन् भने उल्लेख गर्ने :

योजना कार्यक्रमको स्थलगत अनुगमन, निरीक्षण, सुपरीवेक्षण निरीक्षण, समूह छलफल गरेको मिति :

अनुगमन टोली संयोजकको नाम : पद : हस्ताक्षर : कार्यालयको नाम :

# बहुक्षेत्रीय पोषण योजना

## मुगुम कार्मरोङ गाउँपालिका, मुगु

**स्थलगत अनुगमन निरीक्षण फारम**　　मिति : २०७४/...../.......

गर्भवती महिला, २ वर्ष मूनिको वच्चा भएको घरमा सोध्ने प्रश्नावली

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नाम : | | उमेर | | महिला | | परुष | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घरमा गर्भवति महिला छ | | छैन | | यदि छ भने कति जना | | कति महिना भयो | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| घरमा २ वर्ष मूनिको बच्चा छ | | छैन | | यदि छ भने कति जना | | छोरा | | छोरी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गर्भवतिको नाम | | गर्भ महिना | | गर्भ जाच गरेको छ/छैन | | आईरन चक्की खाएको छ /छैन | |
| गर्भवतिको नाम | | गर्भ महिना | | गर्भ जाच गरेको छ/छैन | | आईरन चक्की खाएको छ /छैन | |
| गर्भवतिको नाम | | गर्भ महिना | | गर्भ जाच गरेको छ/छैन | | आईरन चक्की खाएको छ /छैन | |
| वच्चाको नाम | | उमेर | | बृद्धि अनुगमन गरेको छ/छैन | | पखुराको नाप, हरियो, पहेलो, रातो | |
| वच्चाको नाम | | उमेर | | बृद्धि अनुगमन गरेको छ/छैन | | पखुराको नाप, हरियो, पहेलो, रातो | |
| वच्चाको नाम | | उमेर | | बृद्धि अनुगमन गरेको छ/छैन | | पखुराको नाप, हरियो, पहेलो, रातो | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| साविक गाविसको नाम | | वडा नं. | | हालको ठेगाना | | वडा नं. | |

नोट : गर्भवति तथा २ वर्ष मूनिको वालबालिका धेरै भएमा त्यसको विवरण अर्को पानामा लेख्न सक्नुहुनेछ एक घरवाट वा ३ भन्दा धेरै नलिदा पनि हुन्छ ।

**<u>आयोजना संग सम्बन्धित कार्यक्रम तथा क्रियाकलापहरु :</u>**

| प्र.नं. | प्रश्न | उत्तरदाताको उत्तर |
|---|---|---|
| १. | बहुक्षेत्रीय पोषण योजनाको बारेमा सुन्नु भएको छ ? | |
| २. | यस गाविस तथा तपाईको वडामा गर्भवती महिला / सुत्केरी तथा २ वर्ष मूनिको बच्चाहरुको खानपानको विषयमा तालिम भएको थाहा पाउनु भएको छ ? | |
| २.१ | यदि त्यस्तो तालिम भएको छ भने तपाई त्यस्तो तालिममा सहभागि हुनु भएको थियो ? | |
| २.२ | तपाईका घरको अन्य सदस्य कोही सहभागि थिए ? | |
| २.३ | यदि थिए भने को सहभागि भएका थिए ? | |
| ३. | तालिमको आयोजना कुन संस्था वा कार्यक्रमले गरेको थियो ? | |
| ३.१ | तालिम कति दिन सम्म संचालन भएको थियो ? | |
| ३.२ | तालिममा के के कुरा सिक्नु भयो ? | |
| ३.३ | तालिममा अपेक्षा गरेको विषयवस्तु अनुसार जानकारी पाईएको थियो ? | |

| प्र.नं. | प्रश्न | उत्तरदाताको उत्तर |
|---|---|---|
| ३.४ | उक्त तालिम लाई अझ प्रभावकारी बनाउन के गर्न सकिन्थ्यो ? | |
| | कुखुरा वितरण | |
| ४. | यस वडा तथा गाउमा कुनै संस्था तथा कार्यक्रमबाट कुखुरा वितरण भएको छ ? | |
| ४.१ | कहिले वितरण भएको थियो ? | |
| ४.२ | कुन संस्था तथा कार्यक्रमले वितरण गरेको थियो ? | |
| ४.३ | एक घरपरिवारलाई कतिवटा वितरण भएको थियो ? | |
| ४.४ | वितरण गर्दा कस्ता समूह, व्यक्ति तथा घरपरिवारलाई लक्षित गरीएको थियो ? | |
| ४.५ | अण्डाको उपभोग भयो या भएन ? | |
| ४.६ | अहिले कुखुरा छन् कि छैनन ? | |
| | खानपान | |
| ५. | यहाँको घरमा २ वर्ष मूनिको वच्चालई कस्तो खाना खुवाउने गर्नु भएको छ ? | |
| ५.१ | आफु खाना खादा वा बच्चालाई खाना खुवाउदा हात धुने चलन छ कि छैन ? | |
| ५.२ | कति पटक खाना खुवाउनु हुन्छ ? | |
| ६. | खानामा कस्ता कस्ता कुराहरु समावेस भएका हुन्छन् ? | |
| ६.१ | पोषीलो जाउलोको बारेमा सुन्नु भएको छ ? | |
| ६.२ | कसरी बनाईन्छ ? | |
| ६.३ | कहाँबाट सिक्नु भयो ? | |
| ६.४ | आफ्नो बच्चालाई त्यास्तो जाउलो बनाएर खुवाउने गर्नु भएको छ ? | |
| ६.५ | तपाइको घरमा वासी भात/रोटी खाने चलन छ कि छैन ? | |
| | करेसावारी | |
| ७ | तपाईको घरमा करेसावारी बनउनु भएको छ ? | |
| ७.१ | करेसावारी सम्बन्धि तालिम पाउनु भएको छ ? | |
| ७.२ | तालिम कुन संस्था तथा कार्यालयले प्रदान गरेको थियो ? | |
| ७.३ | तालिममा के के कुराहरु सिक्नु भयो ? | |
| ७.४ | के तालिम प्रभावकारी थियो ? के के कुरा सिक्नु भएको थियो ? | |
| ७.५ | उक्त तालिम कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के गर्न सकिन्थ्यो ? | |
| ७.६ | करेसावारिको लागि आवस्यक पर्ने सामग्रिहरु पाउनु भएको छ ? | |
| ७.७ | यदि सामग्रि पाउनु भएको छ भने के के पाउनु भएको छ ? | |
| ७.८ | सामग्रिहरु कुन संस्था वा परियोजनाले वितरण गरेको थियो ? | |
| ७.९ | अहिले करेसावारीमा के के लगाउनु भएको छ ? | |

| प्र.नं. | प्रश्न | उत्तरदाताको उत्तर |
|---|---|---|
| | खानेपानी तथा सरसफाई | |
| ८. | यस ठाउँमा खानेपानी तथा सरसफाई सम्बन्धि कुनै क्रियाकलापहरु भएको छ ? | |
| ८.१ | कार्यक्रम तथा क्रियाकलापहरु कुन संस्था तथा आयोजनाले गर्छ ? | |
| ८.२ | यस गाविसमा गाविस स्तरीय वास समन्वय समिति रहेको छ ? | |
| ८.३ | भि वास सि सि मा तपाई वा तपाईको घरका कोही सदस्य हुनुहुन्छ ? | |
| ८.४ | तपाईको घर परिवारमा सरसफाईका सामग्रिहरु पाउनु भएको छ ? | |
| ८.५ | के के सामग्रिहरु पाउनु भएको थियो ? | |
| ८.६ | सरसफईका सामग्रिहरु कुन संस्था वा कार्यक्रमवाट वितरण भएको थियो ? | |
| ८.७ | तपाइको घरमा चर्पी छ कि छैन ? | |
| ८.८ | हात धुने अभ्यास कस्तो छ ? | |
| ८.९ | तपाइको घरमा महिनाबारी भएको वेला एउटै चर्पी प्रयोग गरिन्छ कि गरिदैन ? | |
| ८.१० | पानीको प्रयोग कसरी गरिन्छ/सुरक्षित पानी को प्रयोग छ/छैन | |
| | लैङ्गीक समानता तथा महिला शसक्तिकरण | |
| ९ | यस ठाउँमा लैङ्गीक समानता तथा महिला शसक्तिकरणका क्रियाकलापहरु संचालन भएको पाउनु भएको छ ? | |
| ९.१ | यदि छ भने के कस्ता कार्यक्रम तथा क्रियाकलापहरु संचालन भएका छन् ? | |
| ९.२ | संचालन भएको क्रियाकलाप कुन संस्था वा कार्यक्रमको सहयोगमा संचालन भएको थियो ? आयोजक को थियो ? | |
| ९.३ | कार्यक्रम संचालन पश्चात समाजमा केही परिवर्तन आएको महसुस गर्नु भएको छ ? | |
| | किशोर किशोरी | |
| १० | किशोर किशोरी हरुको लागि कुनै सिप विकासको कार्यक्रमहरु संचालन भएको पाउनु भएको छ ? | |
| १०.१ | कस्ता खालका कार्यक्रम तथा कियाकलापहरु संचालन भएका थिए ? | |
| १०.२ | तपाईको घरको कुनै किशोर किशोरी सहभागि भएका थिए ? | |
| १०.३ | कर्याकम कसले आयोजना गरेको थियो ? | |
| १०.४ | के उक्त कार्यक्रम प्रभावकारी थियो ? | |
| १०.५ | महिनावारी भएको बेलामा कस्तो प्रचलन रहेको छ ? | |

११. बहुक्षेत्रीय पोषण योजनाको विषयमा यहाँको भनाई के छ ? अव कस्ता कस्ता कार्यकम तथा क्रियाकलापहरु संचालन हुन जरुरी छ ?

१२. अनुगमन गर्ने व्यक्तिको अनुभव तथा देखिएका कुराहरु :

# थप जानकारीका लागि

## मुगुम कार्मारोङ गाउँपालिकाको कार्यालय

## पुलु, मुगु

## बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन ईकाईमा

## सम्पर्क राख्नु होला


०८७-५६०२१५

ito.mugumkarmarongmun@gmail.com,

msnp.mugu@gmail.com

www.mugumkarmarongmun.gov.np


**पोषणका लागि हातेमालो**

**Partnership for Improved Nutrition**